म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष १४ अंक ६४ बुधबार १६ असोज २०८१ ने. सं. ११४४ ञलागा 2 October 2024 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्य: रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

राष्ट्रिय दैनिक

www.sajhakuranews.com

शाकाहारी अभियान सुरु

हेटौंडा, १५ असोज/ विश्व अहिंसा दिवसको अवसरमा हेटौंडामा पञ्चदिवसीय शाकाहारी महाअभियान सुरु भएको छ । श्रीकृष्णप्रणामी युवा परिषद् नेपाल जिल्ला कार्यसमिति मकवानपुरको आयोजनामा सुरु भएको अभियान असोज १५ गतेदेखि १९ गतेसम्म सञ्चालन हुनेछ ।

अभियानको पहिलो दिन आज मंगलबार हेटौंडा-८ कमानेमा परिषद्का केन्द्रीयउपाध्यक्ष प्रमोद बाग्लेको प्रमुख आतिथ्यतामा कार्यक्रम भएको हो । त्यस्तै अभियान चिसापानी, मनहरी, मकवानपुरगढी, मनकामना मन्दिर परिसरमा सञ्चालन हुनेछ भने हेटौंडाको बुद्धचोकमा औपचारिक कार्यक्रमसहित समापन हुने जिल्ला सचिव राजेश वाग्लेले जानकारी दिएका छन् ।

धमाधम राजमार्गको पहिरो पन्छाउँदै

साझाकुरा संवाददाता

हेटौंडा, १५ असोज/ बाढीपहिरोले अवरुद्ध भएका राष्ट्रिय राजमार्ग, प्रादेशिक सडक तथा स्थानीय सडकहरु खुलाउन पालिका जनप्रतिनिधि, बागमती प्रदेश सरकारका सचिवदेखि मन्त्रीसम्म आफैं खटिएका छन् ।

हेटौंडा र काठमाडौंबीच सडक सम्पर्क जोड्न बागमती प्रदेश सरकारले मन्त्रीको नेतृत्वमा सडक मर्मत गर्ने काम थालेको हो । प्रदेश सरकारका भौतिक पूर्वाधार विकासमन्त्री अमनकुमार मास्के सहितको टोली सडक सञ्चालनका लागि खटिएको बताइएको छ । जतिसक्दो छिटो सडक खुलाउने उद्देश्यले तीन स्थानबाट पहिरो पन्छाउने तथा सडक मर्मतको काम थालिएको मन्त्री मास्केले बताएका छन् ।

'काठमाडौं, हेटौंडा र हुमानेबाट सडक खुलाउने काम अघि बढाएका छौं', मन्त्री मास्केले भने, 'ती ठाउँमा अहिले मेसिन लगाएर काम भइरहेको छ, वर्षा रोकिए पनि ठाउँठाउँमा अझै पहिरो गइरहेकाले समस्या भएको छ ।' हेटौंडा-काठमाडौं सडक सम्पर्क स्थापित गराउने कुरालाई मुख्य प्राथमिकतामा राखेर काम भइरहेको उनले बताए । हेटौंडा-काठमाडौं जोड्ने सबै सडक बन्द रहेकाले तत्काल कुलेखानी-फाखेल-फर्पिङ सडक सञ्चालन गर्ने गरी काम अघि बढाइएको छ । मन्त्री मास्के पूर्वाधार विकास कार्यालय ललितपुरको समन्वयमा दुईवटा मेसिनसहित सडक खुलाउने काममा लागेका छन् ।

'अहिलेसम्म काठमाडौं तर्फको सडक तयार गर्दै फर्पिङ आइपुगेका छौं, अब हेटौंडासम्म सडक गाडी गुड्न सक्ने गरी तयार गर्नेछौं', मन्त्री मास्केले भने । फर्पिङ-हुमाने खण्डमा ग्राभेल थुप्रिएको र त्यसलाई हटाएर सडक सञ्चालन गरी नागरिकको यात्रा सहज गर्न प्रदेश सरकारले निरन्तर प्रयत्नरत रहेको उनले बताए । प्रदेश सरकारको भौतिक पूर्वाधार मन्त्रालयले बाढीबाट अवरुद्ध भएको सडक पुन: सञ्चालन गराउन मन्त्रालय अन्तर्गतको यातायात पूर्वाधार निर्देशनालयका निर्देशक पुष्करप्रसाद पोखरेलको संयोजकत्वमा शीघ्र उद्दार टोली (क्यूआरटी) गठन गरेर काम गरिरहेको जनाएको छ ।

क्यूआरटीले हेटौंडा हुँदै भैसेमा खसेको दुईवटा पहिरो पन्छाएर भीमफेदीसम्म पुगेको छ । भीमफेदीबाट कुलेखानीतर्फको सडकको पहिरो गत शनिबार नै प्रहरीले पन्छाएको र यो सडक खण्डमा खासै समस्या नरहेकाले कुलेखानीसम्म सडक खुलाउने मन्त्रालयको योजना रहेको निर्देशक पोखरेलेको भनाइ छ । कुलेखानीबाट हुमानेसम्मको खण्डमा भने केही पहिरो रहेकाले बुधबारसम्ममा सडक खुलाउने लक्ष्य रहेको उनले बताए ।

फाखेलतर्फको बाटो खुलाउन हुमानेबाट कुलेखानी खण्डमा अर्को टोली परिचालन गरिएको छ । मन्त्रालयका इन्जिनियर दीपेन्द्र रैतालाई फिल्डमा खटाएर हुमानेबाट मकवानपुरतर्फ महालक्ष्मीखोलासम्म सडकको पहिरो पन्छाउने काम भइरहेको मन्त्रालयले जनाएको छ । 'दक्षिणकाली-फर्पिङ सडक खण्डअन्तर्गत महालक्ष्मीखोलादेखि कुलेखानी-नौबिसे-कलंकीसम्मको सडकमा खासै समस्या छैन', निर्देशक पोखरेलले भने 'तर, महालक्ष्मी खोलाको पुलको छेउमा करिब एक सय ५० मिटर सडक क्षतिग्रस्त भएकाले त्यसलाई मर्मत गर्न टोली परिचालन गरेका छौं ।'

एकातिर पहिरो पन्छाउने र अर्कोतिर त्यही सडकमा पुन: सुख्खा पहिरो आउने क्रम जारी रहेकाले काम गर्न समस्या भइरहेको उनको भनाइ छ । 'हामीले भैंसे-भीमफेदी सडकमा खसेको पहिरो पन्छाएर सडक सुचारु गर्ने तयारीमा थियौं', निर्देशक पोखरेलले भने 'तर, हिजो अचानक फेरि सोही सडक खण्डअन्तर्गत मकवानपुरको भीमफेदी गाउँपालिका-४ रातोमाटेमा पुन: ठूलो पहिरो जाँदा सडक सञ्चालन गर्न समस्या भयो ।' उनका अनुसार मंगलबार रातोमाटोको पहिरो पन्छाउन टोली परिचालन गरिएको छ, पहिरो पन्छाएर यातायात सञ्चालन गराउन सकिन्छ कि भन्ने अनुमान गरिएको छ ।

बाढीपहिरोका कारण मकवानपुरको इन्द्रसरोवर गाउँपालिकाको सिस्नेरीमा पहिरो गएर ठूलो क्षति भएको र त्यहाँका पीडितलाई राहत पुऱ्याउन र सिस्नेरीमा अलपत्र परेका सवारीसाधनलाई गन्तव्यतर्फ पठाउन काठमाडौं-दक्षिणकाली-सिस्नेरी सडकमा पहिरो पन्छाउने काम भइरहेको निर्देशक पोखरेलले जानकारी दिए । 'काठमाडौंदेखि दक्षिणकालीसम्म र दक्षिणकालीदेखि सिस्नेरीसम्म दुई टोली परिचालन गरी बाटो खुलाउने प्रयास भइरहेको छ', निर्देशक पोखरेलले भने, 'त्यो सडकअन्तर्गत रामचन्द्र भन्ज्याङमा ठूलो पहिरो खसेको र सडकमा पनि क्षति पुगेकाले केही समय लाग्ने अनुमान छ ।'

वनदेबी आधारभूत विद्यालयको अभिभावक भेला

साझाकुरा संवाददाता

हेटौंडा, १५ असोज/ हेटौंडा-१५ मा रहेको वनदेवी आधारभूत विद्यालयको ३४ औं अभिभावक भेला भएको छ । विद्यालय व्यवस्थापन समितिका अध्यक्ष डिलबहादुर घिमिरेको अध्यक्षता तथा हेटौंडा उपमहानगर पालिका वडा नम्बर-१५ का वडाअध्यक्ष सुनिल मोक्तानको प्रमुख आतिथ्यतामा भेला भएको हो ।

कार्यक्रममा शिक्षा विकास महाशाखा, हेटौंडा उपमहानगर पालिका वरिष्ठ विद्यालय निरीक्षक हरिचन्द्र सापकोटाको विशेष आतिथ्यता रहेको थियो । भेलामा विद्यालयका प्रधानाध्यापक जयप्रसाद पोखरेलले बितेको आर्थिक वर्षको लेखापरीक्षण प्रतिवेदन चालु आर्थिक वर्षको यथार्थ आयव्यय र आउँदो आर्थिक वर्षको अनुमानित आयव्यय प्रस्तुत गरेका थिए ।

भौतिक प्रगति समिक्षा प्रतिवेदन र चालु शैक्षिक सत्र २०८१ को प्रस्तावित ४८ वटा योजना विद्यालयको तर्फबाट सहायक प्रधानाध्यापक एवम् सूचना अधिकारी कुमार रुम्बाले प्रस्तुत गरेका थिए ।

भेलामा प्रस्तुत सबै प्रतिवेदन केही सुझावसहित सर्वसहमतिबाट पारित भएका छन् । शिक्षक प्रतिनिधि सुशीला लामाले स्वागत मन्तव्य व्यक्त गरेको कार्यक्रम भावना सापकोटाले सहजीकरणा गरेकी थिइन् । भेलाको अवसरमा शैक्षिक सत्र २०८० मा कक्षा प्रथम, द्वितीय, तृतीय हुने विद्यार्थीलाई पुरस्कृत गरिएको थियो । त्यसैगरी विद्यालय प्रथम हुन सफल आसमान लामा लोप्चन, सरसफाइको विधातर्फ कक्षा १ की अश्णु तामाङ, अनुशासनतर्फ कक्षा ७ का अभिषेक थिङ र उच्च हाजिरीतर्फ कक्षा ७ की विन्दिया थिङ प्रशंसापत्रसहित सम्मानित भएका छन् । उत्कृष्ट असल अभिभावकको रुपमा रिमनी लामा र दीपक लामालाई प्रशंसापत्रसहित सम्मान गरिएको थियो ।

यसै विद्यालयमा ३० वर्ष ४ महिना ८ दिन सेवा पूरा गरी अनिवार्य अवकास भएका शिक्षक उमाकुमारी ढुंगेलाई दीर्घसेवा सम्मान प्रदान गरिएको थियो । विद्यालयबाट अन्यत्र सरुवा तथा बढुवा भई गएका शिक्षक उमाकुमारी काँइराला, दीपकुमार थापा, रत्नबहादुर स्याङ्तान, इश्वरीप्रसाद दाहाल र अनिल धमलालाई प्रशंसापत्रसहित फेरि फेटौंला कार्यक्रम गरिएको थियो । भेलाकै अवसरमा १ जना अपाङ्ग सहित ११४ जना दलित तथा छात्रालाई छात्रवृत्ति वितरण गरिएको भेलाबाट बबिता रानाको अध्यक्षतामा ७ सदस्यीय शिक्षक अभिभावक संघ २ वर्षे कार्यकालका लागि गठन भएको छ ।

खाद्य ऐनमा कमजोरी, अखाद्य व्यापार फस्टाउँदो

साझाकुरा संवाददाता

हेटौंडा, १५ असोज/ खाद्य ऐन भ्रष्फटिलो भएका कारण अखाद्य व्यापार गरेर फाइदा लुट्टेहरुलाई अवसर प्राप्त भएको छ । खाद्य ऐन उलंघन गर्नेलाई समेत नियमनमा बाँध्न नसकेको कारण चाडपर्वको मौकामा कालाबजारी हुने गरेको बताइएको छ ।

खाद्य प्रविधि तथा गुण नियन्त्रण कार्यालय हेटौंडाका अनुसार खाद्य ऐन उलंघन गर्नेलाईसमेत छुट्टै कानूनी दायरामा ल्याउन सकिएको छैन । कारवाहीका लागि अनावश्यक बन्धनहरु बढी छन् । न्युनगुणस्तर भएका तथा अखाद्य रङहरु प्रयोग भएका खाद्यान्न वितरण गर्नेलाई ऐनले कारवाहीको व्यवस्था त गरेको छ । तर, यस्ता व्यापारीहरु कारवाहीबाट उम्किरहेका छन् । स्थानीय प्रशासनले गरेको अनुगमनपछि कारवाही आवश्यक ठानिएकालाई पनि तत्काल कारवाही गर्ने अधिकार ऐनमा नभएकाले समस्या भएको बताइएको छ ।

कार्यालयले नियमित अनुगमनबाट मकवानपुर, बारा, पर्सा, रौतहट, सर्लाही, चितवन लगायत ९ जिल्लाका खाद्य ऐन उलंघन गर्ने व्यापारीलाई कारवाहीको दायरामा ल्याउने प्रयास गरिरहेको छ । दर्ता भएका अधिकांश मुद्दाहरु खाद्यान्न, घ्यु, तेललगायतमा न्युनगुणस्तर भएकोले कारवाही चलाइएको छ । अखाद्यबस्तु, अखाद्यरङ, तथा न्युनगुणस्तरको खाद्यान्न व्यापार गरेको पाइएमा कार वाही अघि बढाउनै समस्या भएको बताइएको छ ।

कार्यालयका अनुसार त्यस्ता व्यापारीलाई कारवाही चलाउनुअघि सम्बन्धित जिल्लाका सरकारी वकिललाई पत्राचार गर्नुपर्ने प्रावधान छ । वकिलले पुन:अनुसन्धान गर्न भनेमा तथा थप प्रमाण पुऱ्याउन भनेमा फेरि अनुसन्धान र थप प्रमाण जुटाउन खाद्य प्रविधि तथा गुण नियन्त्रण कार्यालयलाई बाध्यकारी बनाइएको अवस्था ऐनमा छ । यसरी दोहोऱ्याएर अनुसन्धान गर्नुपर्दा कतिपय कालाबजारीया उम्कन्छन् ।

यस्ता मुद्दाहरु सरकार वादी हुने भएकाले समयमा फैसला हुनमा सेतक कठिनाई हुने गरेको छ । भ्रष्फटिलो ऐनका कारण उपभोक्ताको अधिकार संकटमा परेको उपभोक्ता मंच मकवानपुरले जनाएको छ । चाडपर्व नजिकैदै गर्दा बजारमा दैनिक उपभोग्य बस्तुमा मिसावट गर्ने, कम तौलका सामान बेचेर उपभोक्ता ठगी गर्ने क्रम बढेको पाइएपछि स्थानीय प्रशासन र हेटौंडा उपमहानगरले अनुगमन सुरु गरेको उपमहानगरका अधिकृत हिमप्रसाद पौडेलले बताएका छन् ।

तीनदिनको बाढीपहिरोमा २२४ जनाको ज्यान गयो

साझाकुरा संवाददाता

हेटौंडा, १५ असोज/ असोज १० गतेदेखि १२ गते आएको अविरल वर्षाका कारण देशको विभिन्न स्थानमा एएको बाढीपहिरो लगायत विपद्बाट २१ जिल्ला प्रभावित भएका छन् ।

मंगलबार प्रधानमन्त्री केपी शर्मा ओलीद्वारा आयोजित पत्रकार सम्मेलनमार्फत् विपद्बाट काठमाडौं उपत्यकासहित २१ जिल्ला प्रभावित भएको जानकारी गराइएको हो । प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरबारमा आयोजित पत्रकार सम्मेलनमा प्रधानमन्त्रीको तर्फबाट मुख्यसचिव एकनारायण अर्याललेे यसबारे जानकारी गराएका हुन् ।

मुख्यसचिव अर्याललेे बाढी, पहिरो र डुबानको क्षति र उद्दारको विषयमा जानकारी गराएका थिए । मुख्यसचिव अर्याललेे काभ्रेपलञ्चोक, ललितपुर, धाडिङ, काठमाडौं, सिन्धुपाल्चोक, सिन्धुली र मकवानपुर जिल्ला बढी प्रभावित भएको बताए ।

मुख्यसचिव अर्याललेे बाढी, पहिरो डुबानमा परेर २२४ जनाको मृत्यु भएको बताए । यस्तै, बाढीपहिरोमा परी अझै २४ जना बेपत्ता भएका छन् भने १५८ जना घाइते भएका छन् । बाढी, पहिरो र डुबानबाट खानेपानीको संरचनामा ३ अर्ब ५५ करोड र सडक पूर्वाधार तर्फ २ अर्ब ५२ करोड, उर्जातर्फ ४ अर्ब, सिंचाईतर्फ २ अर्ब र कृषि तथा पशुपक्षीतर्फ ६ अर्बको क्षति पुगेको अनुमान गरिएको मुख्यसचिव अर्याललेे बताएका छन् ।

अबैध सुनसहित भारतीय नागरिक पक्राउ

साझाकुरा संवाददाता

हेटौंडा, १५ असोज/ पूर्व-पश्चिम सडकखण्ड अन्तरगत पर्ने मकवानपुरको हेटौंडा उपमहानगरपालिका-१५ रातोमाटेबाट मंगलबार अवैध सुनसहित एक भारतीय नागरिक पक्राउ परेका छन् ।

पक्राउ पर्नेमा भारत बिहार राज्य फुलबरिया पूर्वी चम्पारण बरेवा बस्ने बर्ष ३४ को सुजित सर्राफ रहेको जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रहरी निरीक्षक ठाकुरप्रसाद सापकोटाले जानकारी दिए । उनलाई विशेष सूचनाको आधारमा ४९० ग्राम ८८० मिलिग्राम सुनसहित पक्राउ गरेको प्रहरीनिरीक्षक सापकोटाले बताए ।

प्रहरीनिरीक्षक सापकोटाका अनुसार, वीरगंजबाट हेटौंडातर्फ आउँदै गरेको बा.प्र.०३-००१ज ६९६ नम्बरको यात्रुबाहक ईभी माईक्रोलाई रोकी चेकजाँच गरिएको थियो । माइक्रोमा सवार सर्राफको साथबाट बिलबिजक नभएको बिस्कुटको आकारको ४ टुक्रा, बिस्कुटको सानो टुक्रा १ थान, सिक्री १ थान बरामद भएपछि निजालाई पक्राउ गरिएको हो ।

सर्राफको साथबाट बरामद भएको सुनको आजको बजार मूल्य ६७ लाख ३४ हजार ५४४ नेपाली रुपैयाँ रहेको प्रहरी निरीक्षक सापकोटाले बताए । पक्राउ परेका उनीमाथि आवश्यक अनुसन्धान प्रक्रिया अगाडि बढाइएको छ ।

बागमतीको किनारमा ३ वटा शव फेला

साझाकुरा संवाददाता

हेटौंडा, १५ असोज/ मकवानपुर जिल्लाको बकैया गाउँपालिका-१० मन्थलीस्थित वागमतीको किनारमा तीन वटा शव फेला परेका छन् ।

स्थानीय बासिन्दाले वागमतीमा माछामार्न जाने क्रममा शव देखेको बकैया गाउँपालिका अध्यक्ष धर्मराज लामिछानेले बताए । एउटा महिला र दुईवटा पुरुषको शव फेला परेको उनले बताए ।

बाढीले बगाएर ल्याएको हुनसक्ने अनुमान स्थानीयले गरेका छन् । शवलाई काठमाडौं लैजान गृह मन्त्रालयसँग समन्वय भइरहेको मकवानपुरका प्रमुख जिल्ला अधिकारी तीर्थराज चिलुवालले बताएका छन् ।

आकर्षक जग्गा बिक्रीमा

हेटौंडा-११ स्थित सुन्दर बस्ती डाङडुङ्गेमा रहेको बजारबाट २ कि.मि. मात्र दुरी भएको, होटल हेटौंडा हाइटबाट १०० मि. पछाडि २ कठ्ठा १५ धुर क्षेत्रफल भएको आकर्षक जग्गा बिक्रीमा भएको हुँदा इच्छुकले तु.सम्पर्क गर्नुहोस् ।

सम्पर्क नं. ९८४५४६१०३४

सूचना ! सूचना !! सूचना !!!

अब किन जानु पर्‍यो विदेश ?

हामी कहाँ आउनूस्
छानीछानी सुमो किनेर
आफैं साहु बन्नूस्

हामी कहाँ २००७ देखि २०१६ मोडलको सिस्नेरीको रुटमा चलिरहेको TATA SUMO बिक्रीका लागि उपलब्ध छन् ।

आजै सम्पर्क गर्नुहोस्

Singhabahini Moto Corp Pvt. Ltd.

९८०२५३७८३१, ९८०२५३७७०८, ९८०२५३७७०५

सम्पूर्ण ब्राण्डका गाडी

एकै ठाउँमा सम्पूर्ण सेवासहित

- कार वास भित्र/बाहिर
- वायरिङ मर्मत
- मेशिनद्वारा A/C मर्मत तथा ग्याँस रिफिलिङ
- सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
- डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
- टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
- हेटौंडामै पहिलो पटक N_2 (Nitrogen) हावा टायरमा भरिने
- इन्जिनसम्बन्धी सबै काम

Himalayan Motors Pvt.Ltd.

हेटौंडा, चौकीटोल सम्पर्क नं.: ०५७-५९०३३३

साझाकुरा

हाम्रो कुरा

विपद्प्रतिकार्यमा कमजोरी

नागरिकको रक्षाप्रति संबेदनशील बन्न नसकको सरकारी संयन्त्रको कडा आलोचना भइरहेको छ । सत्ताको बागडोर हातमा लिएका सरकारी अधिकारीहरु राज्यकोषको रकम बाँड्ने काम बाहेक जनताप्रति उत्तरदायी बन्न नसकेको आलोचना खेप्न बाध्य भएका छन् । बागमती प्रदेशका १३ जिल्लासहित देशभरका ५६ जिल्ला वर्षाका कारण उच्चजोखिममा रहेको पूर्वसूचना मौसम पूर्वानुमान महाशाखाले पहिल्यै दिइसकेको थियो । जल तथा मौसम विज्ञान विभागको मौसम पूर्वानुमान महाशाखाले गत बिहीवारदेखि मनसुन सक्रिय हुने जनाउँदै कुनकुन जिल्ला खतराको सूचीमा रहेको छ भनेर 'रेड अलर्ट' जारी गरेको थियो । महाशाखले प्रदेशको दोलखा जिल्लालाई भने 'रेड अलर्ट' जारी गरेको थिएन । महाशाखाले वर्षाको कारण सम्भावित उच्चजोखिमबारे पूर्वसूचना दिनु अघिल्लो दिन अर्थात बुधवारदेखि नै हल्का वर्षा सुरु भइसकेको थियो । १० असोजदेखि १४ असोजसम्म वर्षाका कारण देशभरमा सबैभन्दा बढी क्षति बागमतीका जिल्लामा परेका छन् । काभ्रे, धादिङ, काठमाडौं, ललितपुर, मकवानपुर, सिन्धुली, गोर्खाजिल्लामा जिल्ला बाढीपहिरोबाट बढी प्रभावित बने । बाढीपहिरोले बागमती प्रदेशका १३ जिल्लामा १ सय ३९ जनाले ज्यान गुमाए । ५५ जना अझै बेपत्ता छन् । २२६ परिवार प्रभावित हुँदा ३१ वटा घरमा पूर्णक्षति भएको छ । ३ वटा पुलमा क्षति पुगेको प्रदेशको आन्तरिक मामिला तथा कानुन मन्त्रालयले जनाएको छ ।

मन्त्रालयले विपद्का कारण जिल्लामा सम्पर्क टुटेकाले क्षतिको विवरण उपलब्ध हुन बाँकी रहेको जनाएको छ । तर, बागमती प्रदेश सरकार मौसम पूर्वानुमान महाशाखाको पूर्वसूचनाबाट गम्भीर नभएको देखिन्छ । विपद्को पूर्वतयारी गर्नबाट सरकार चुकेको हो । सरकारले नै विपद्मा भूमिका कमजोर भएको स्वीकारोक्ति दिएको छ । यतिसम्मकी विपद्मा प्रभावित भएकाहरुको उद्दारका लागि सरकारी निकायसँग इन्धन खरिद गर्न आर्थिक समस्यासमेत भएको उनीहरुले बताएका छन् । विपद्को पूर्वसूचना आइसक्दा उद्दारमा खटिने सवारीसाधन, सुरक्षा निकाय र अन्य जनशक्ति तथा उद्दार सामग्रीको व्यवस्थापन गर्नुपर्ने थियो । १० असोजदेखि १३ गतेसम्मको वर्षाका कारण बाढीपहिरोले बितण्डा मच्चाइसकेपछि बागमती सरकारले भर्खरै विपद्बाट खोज, उद्दार र प्रतिकार्यका लागि ६५ लाख रुपैयाँ पठाउने निर्णय गरेको छ । बागमती प्रदेश विपद् व्यवस्थापन कार्यकारी समितिको सोमबार बसेको बैठकले विपदजन्य घटनामा खोज, उद्दार र प्रतिकार्य काम गर्नका लागि भन्दै प्रदेशका १३ वटै जिल्लामा ५-५ लाखका दरले रकम पठाउने निर्णय गरेको हो । विपद्मा सवारीसाधनको इन्धन खरिद गर्नसमेत रकम अभाव भएको र उद्दार सामग्रीको अभाव रहेको गुनासोपछि तत्काल रकम पठाउने निर्णय भएको हो ।

विपद्जन्य घटनामा उद्दारसामग्री रजनशक्तिको अभावले सरकारको भूमिका कमजोर हुन पुगेको छ । बागमती प्रदेश विपद् व्यवस्थापन कार्यकारी समितिको बैठकले प्रदेशका विपद् प्रभावित जिल्लामा २ करोड भन्दा बढी राहत रकम उपलब्ध गराउने निर्णय गरेको छ । समितिको बैठकले १० असोजदेखि १४ गतेसम्म विपद्बाट प्रभावित भएका बागमतीका १० वटा जिल्लालाई २ करोड ३० लाख रुपैयाँ राहत वितरण गर्ने प्रयोजनका लागि उपलब्ध गराउने निर्णय गरेको हो । राष्ट्रिय आपतकालीन कार्यसञ्चालन केन्द्रको १४ असोजको तथ्यांकअनुसार विपद्बाट बढी क्षति भएको देखिएको काभ्रेपालञ्चोकमा ६० लाख, धादिङमा ५० लाख, ललितपुरमा ३० लाख, काठमाडौंमा २० लाख, सिन्धुपाल्चोकमा २० लाख रकम पठाउने निर्णय भएको छ । यसैगरी, दोलखा, रामेछाप, सिन्धुली, मकवानपुर, भक्तपुरलाई १०/१० लाखका दरले राहत रकम दिइने भएको छ । प्रदेश विपद् व्यवस्थापन कोष परिचालन कार्यविधि-२०८० अनुसार राहत रकम प्रदेश विपद् व्यवस्थापन कोषबाट जिल्ला विपद् व्यवस्थापन कोषमा प्रदान गरिनेछ ।

कतिपय स्थानीय तह सूचनाको हकबारे अनभिज्ञ

✍ अजयकुमार साहु

पछिल्लो समय सूचना मागकर्तालै सार्वजनिक निकायमा सूचना माग गरिरहेका छन् । सार्वजनिक निकायले भने सूचना दिन इन्कार गर्ने, अपुरो सूचना दिने वा निवेदनै दर्ता गर्न नमान्नेदेखि कतिपय अवस्थामा सूचना दिनुको सट्टा धम्की समेत दिइएकाले आयोगसमक्ष उजुरी र पुनरावेदनको संख्या दिनानुदिन बढिरहेको अवस्था छ । सूचना मागकर्ताहरू, पुनरावेदन कर्ताहरू र उजुरी कर्ताहरुमा सर्वसाधारणदेखि अभियन्ता समेत छन् । अधिकांश निवेदन, पुनरावेदन र उजुरीहरू स्थानीय तहसँग सम्बन्धित रहेका छन् ।

अभियन्ताले सर्वसाधारण नागरिकको सवालसँग जोडिएको सूचना सार्वजनिक हितका लागि मार गरेको पाइएको छ । सूचनाका हकका लागि राष्ट्रिय महासंघको इमेलमा मात्रै साप्ताहिक रूपमा सयौँको संख्यामा सूचना माग गरेका निवेदन बोधार्थका रूपमा प्राप्त भइरहेका छन् । सूचना मागका निवेदनहरू दिन प्रतिदिन बढ्दै जानुको मुख्य श्रेय सूचनाको हकलाई प्रवर्द्धन गर्न अहोरात्र खटिरहेका अभियन्तालाई नै जान्छ । अहिले ७५३ वटा स्थानीय तहमा जनप्रतिनिधि रहेका छन् । जनताको सबैभन्दा नजिक भनेको जनप्रतिनिधि नै हो । स्थानीय तहले गर्ने कामकाजका बारेमा स्थानीय जनतालाई सुसूचित गर्नु ती निकायको जिम्मेवारी र दायित्व हो, जनप्रतिनिधिहरूको उत्तरदायित्व पनि हो ।

सूचनाको हकसम्बन्धी ऐन २०६४ को परिच्छेद २ को दफा ४ ले समेत सार्वजनिक निकायको दायित्वबारे स्पष्ट व्याख्या गरेको छ । उक्त दफाको क, ख, ग, घ मा स्पष्ट रूपमा जिम्मेवारी र दायित्वबारे व्याख्या गरिएको छ । ती निकायले सूचनाहरूको वर्गीकरण गरी अद्यावधिक गर्नुपर्ने, सार्वजनिकीकरण गर्नुपर्ने, सूचनामा नागरिकको पहुँच सरल र सहज बनाउने, आफ्नो काम-कारबाही खुला र पारदर्शी रूपले सञ्चालन गर्ने, सूचनाको हक प्रवर्द्धन गर्नका लागि आफ्ना कर्मचारीलाई उपयुक्त तालिम दिने जस्ता प्रावधान स्पष्ट रूपमा उल्लेख छन् । यद्यपि सार्वजनिक निकाय आम नागरिकको संवैधानिक (मौलिक हक) र कानुनी हकको प्रवर्द्धनमा चुकेको देखिन्छ ।

अधिकांश जनप्रतिनिधिले सूचनाको हकका विषयमा अनभिज्ञता प्रकट गर्ने गरेको पाइएको छ । अर्कोतर्फ ती स्थानीय तहमा काम गर्ने प्रशासकीय प्रमुख र तोकिएका सूचना अधिकारीले ऐनका बारेमा आलटाले कुरा गरेको पाइएको छ । अझ सूचना सजिलै नदिने मनसायले ऐनका प्रावधानलाई अपव्याख्या गरेको समेत पाइएको छ । स्पष्ट रूपमा भन्न सकिन्छ, उनीहरूले नागरिकको यो हकलाई प्रवर्द्धन गर्न खासै रुचि देखाएका छैनन् । अब प्रश्न उठ्छ, किन उनीहरू नागरिकको यो मौलिक हकको प्रवर्द्धन गर्न चाहँदैनन्, किन ती पदाधिकारीले सर्वसाधारणले माग गरेको सूचना दिन चाहँदैनन् ? भन्ने बेला जनताको नजिकको सरकार भन्ने, मनलागी कर पनि असुल्ने अनि जनताले तिनै सरकारसँग आफूले के-कस्ता सेवा-सुविधा यस निकायबाट पाउने हो, ती निकायमा भएको वा गरेको कामको सूचना सार्वजनिक भयो कि भएन भन्नेबारे सूचना माग्दा सूचनै नदिने यो कस्तो प्रवृत्ति मौलायो ?

आव २०७९/८० को सुरुवाती महिनामै महालेखा परीक्षकको आवधिक प्रतिवेदन सार्वजनिक भयो, उक्त प्रतिवेदनमा स्थानीय निकायको अर्बौं रुपैयाँ बेरुजु रहेको सार्वजनिक भएको छ । यी त भए महालेखाले बेरुजु निकालेका तथ्यांकहरू । अझ ती निकायमा भएका कामका खर्च र प्रक्रियाहरू पारदर्शी नभएको तथा दस्ताबेजीकरण नगरेको पाइएको छ । अनि आफैँ पारदर्शी र सुशासनमुखी नभएपछि कहाँबाट सूचना दिने होला, के सूचना दिने होला !

यसरी सूचना लुकाउने, दिनै नमान्ने, दिए पनि अपुरो सूचना दिने घटना गाउँ-गाउँबाट सार्वजनिक भइरहेका छन् । अर्कोतिर, गाउँ-गाउँमा क्रियाशील रहेका सूचनाको हकका अभियन्ताले ती निकायसँग कानुनसम्मत आफ्नो व्यक्तिगत प्रयोजन र सार्वजनिकीकरणका लागि सूचना उपलब्ध गराइपाउँ भनेर कानुनसम्मत निवेदन लेखेर र चाहिएको सूचनाबारे स्पष्ट विवरण खुलाएर निवेदन दिएका छन् । सम्बन्धित निकायले भने निवेदन नै दर्ता गर्न नमानेको, किन चाहियो सूचना भनेर हप्काएको, गुन्डागर्दी शैलीमा आफ्ना आसेपासे लगाएर कार्यालयबाट बाहिर निकालेको जस्ता क्रियाकलाप दिन प्रतिदिन सार्वजनिक भइरहेका छन् । यस्ता समस्यामा सूचनाको हकका लागि राष्ट्रिय सञ्जालले मध्यस्थकर्ताको भूमिका खेलिरहेको सर्वविदितै छ । सञ्जालका तर्फबाट सूचना मागकर्ता र माग गरिएको सार्वजनिक निकायबिच विवाद भएको वा दुविधा भएको अवस्थामा छलफल तथा आयोगसँग समन्वय र सहकार्य गरेर पुनः सूचना दिने वातावरण तयार गरेको प्रशस्त उदाहरण छन् ।

उदाहरणका लागि पछिल्ला केही घटनालाई लिन सकिन्छ । २०७७ कात्तिक १७ गते कार्यालय समयमा पर्सा जिल्लाको वीर गन्जस्थित जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्रमा स्थानीय युवा अभियन्ताको नौजनाको टिमले सूचना माग गरेको थियो । उनीहरूले उक्त कार्यालयको कर्मचारीको विवरण, वार्षिक आम्दानी र खर्च, समीक्षा गोष्ठीको खर्च लगायत सूचना माग गरी निवेदन लेखेका थिए । तर कार्यालय प्रमुख र सूचना अधिकारीले निवेदन नै मिलेन भन्दै दर्ता नगरी कार्यालयको माथिल्लो तलाबाट निवेदन फालिदिए । त्यसपछि उनीहरुले प्रहरी बोलाई उल्टै सूचना मागकर्तालाई नै प्रहरीको नियन्त्रणमा पुऱ्याएका थिए । यो घटनाले हल्लीखल्ली नै पाऱ्यो । सञ्जालको पहलकदमीमा सूचना मागकर्तालाई तुरुन्त रिहाइ गरियो । पछि जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्रका प्रमुखसँग सौहार्द वातावरणमा छलफल भई माग गरिएको सूचना दिनका लागि र आगामी दिनमा सूचना सार्वजनिक गर्ने वातावरण मिलाउने गरी सहमति भयो । हाल उक्त कार्यालयले सूचना माग विवरण दर्ता गर्न अग्रसर भएको र केही हदसम्म सूचना दिने वातावरण बनाएको बुझिएको छ ।

२०७८ जेठ ९ अभियन्ता शशिक्रिकम कार्की (ठेगाना : सूर्यविनायक, भक्तपुर) ले र ष्ट्रपति कार्यालयमा निवेदनमार्फत सूचना माग गरेका थिए । २०७८ जेठ ७ गते नेपालको संविधानको धारा ७६ (५) बमोजिम सरकार गठनका लागि तत्कालीन बहालवाला प्रधानमन्त्री केपी शर्मा ओली र प्रमुख प्रतिपक्षी दलका नेता शेरबहादुर देउवाले राष्ट्रपतिसमक्ष पेस गरेको निवेदन र सो निवेदनसँगै पेस गरिएको कागजातसम्बन्धी सूचना माग गरिएको थियो । राष्ट्रपति कार्यालयका सूचना अधिकारीले २०७८ जेठ २१ मा सूचनाको हकसम्बन्धी ऐन २०६४ को धारा ७ को उपधारा १ बमोजिम सूचना प्राप्त गर्नुपर्ने कारण सो निवेदनमा स्पष्ट खुलाएको नदेखिएको हुँदा यसमा थप कारबाही गर्न असमर्थ रहेको भन्ने बेहोराको पत्र उपलब्ध गरायो ।

अभियन्ता काकीले सूचना के प्रयोजनका लागि माग गरिएको हो, सोका बारेमा निवेदनमै स्पष्ट खुलाएका थिए तर पनि राष्ट्रपति कार्यालयका सूचना अधिकारीले यस्तो जवाफसहितको पत्र पठाउनु भनेको सरासर सूचनाको हकसम्बन्धी ऐन २०६४ को मर्मविपरीत रहेको देखियो । यसले आम नागरिकको सुसूचित हुने संवैधानिक मौलिक हकलाई नै कुण्ठित गरेको कुरा स्पष्ट भयो । यो घटनामा राष्ट्रपति कार्यालयका सूचना अधिकारीको यो कदमले संविधानको धारा २७, सूचनाको हकसम्बन्धी ऐन २०६४ र नियमावली २०६५ लाई नै प्रभावित तुल्याएको स्पष्ट देखिन्छ । सूचना माग निवेदनमा निवेदकले स्पष्ट रूपमा ऐनको धारा ७ को उपधारा १ बमोजिम नै 'मेरो व्यक्तिगत प्रयोजन तथा सुशासन प्रवर्द्धनका लागि' भन्ने कुरा प्रस्ट रूपमा खुलाउँदा समेत सो कुरालाई इन्कार गरेको देखियो ।

उक्त घटनाबारे सञ्जालले २०७८ जेठ २४ मा प्रेस विज्ञप्ति नै जारी गऱ्यो र सम्बन्धित निकायको ध्यानाकर्षण गरायो । आयोगले पनि यस सम्बन्धमा कारबाही अगाडि बढायो । सूचना मागकर्ता शशिक्रिकम कार्कीले पुनः राष्ट्रपति कार्यालयको कार्यालय प्रमुखसमक्ष उजुरी दिए । अनि मात्र राष्ट्रपति कार्यालय सूचना उपलब्ध गराउन बाध्य भयो । राष्ट्रको गरिमामाथ निकायमा काम गर्ने पदाधिकारीले नै यस्तो रबैया देखाएपछि अन्य निकायको अवस्था के होला भन्ने सहजै अनुमान गर्न सकिन्छ ।

अर्को उदाहरणीय घटना झापा जिल्ला, हल्दीबारी गाउँपालिकासँग सम्बन्धित छ । हल्दीबारी गाउँपालिकाकी ईश्वरा तिवारी कँडेलले दुई वर्षअघि आफ्नो गाउँपालिकाको गतिविधिबारे सूचना माग गरेकी थिइन् । उनले सूचना अधिकारीलाई सम्बोधन गरी निवेदन लेखेकी थिइन् । निवेदन बुझाउन जाँदा त्यहाँको सूचना अधिकारी नै को हो भन्नेमा अन्योल देखियो । पालिकाको कार्यालयमा स्पष्ट रूपमा सूचना अधिकारीका बारेमा कुनै जानकारी राखिएको थिएन, पछि त्यहाँको प्रमुख प्रशासकीय अधिकृतलाई निवेदन बुझाइयो, तर प्रशासकीय अधिकृतले 'हैट कहाँ हुन्छ, यसरी सूचना माग गर्न पाइन्छ ? जे पायो त्यही माग्ने ? जे मन लाग्यो जतिखेर पायो, त्यही सूचना माग गर्ने ?' भन्दै सूचना मागकर्तालाई कार्यालयबाट धपाइयो । पछि उनले केही अभियन्तासँग छलफल गरी हुलाकमार्फत सूचना माग गरिन् । ऐन अनुसार तोकिएको समयमा सूचना प्राप्त भएन ।

पुनः उनले कार्यालय प्रमुखसमक्ष उजुरी गरिन्, फेरि पनि सूचना पाइएन । किन भन्दा यसअघि सूचना दिन नमान्ने व्यक्ति तिनै प्रमुख थिए । उनले सूचना माग गर्न छाडिनन् । विभिन्न विषयमा एक दर्जनभन्दा बढी सूचना माग गर्दा कुनै जवाफ नआएपछि उनले सञ्जालसँग आबद्ध अन्य अभियन्तासँग परामर्श गरिन् र आयोगसमक्ष पुनरावेदन दिइन् ।

पटकपटक माग गरेको सूचनाबारे आयोगसमक्ष पुनरावेदन दिएपछि मात्रै सुनुवाइ भयो । आयोगले गाउँपालिकाका कार्यालय प्रमुखलाई सूचना नदिनुको कारण सोध्यो र साथै यथाशीघ्र सूचना उपलब्ध गराउनू भन्ने आदेश दियो । उक्त आदेशलाई समेत हल्दीबारी गाउँपालिकाले मानेन, तर विभिन्न किसिमका भ्रष्टाचारका विषयमा अभियन्ताले सूचना माग गर्ने क्रम जारी राखे । ईश्वराले पनि निरन्तर सूचना माग र पुनरावेदन गरिरहिन् । अघिल्लो वर्षदेखि त्यो गाउँपालिकाले सूचना अधिकारीलाई पूर्ण जिम्मेवारी दिएर सूचना उपलब्ध गराउन सुरु गऱ्यो ।

अहिले हल्दीबारी गाउँपालिकामा सूचना उपलब्ध गराउने वातावरण बनाइएको छ, भ्रष्टाचारका विभिन्न घटना सार्वजनिक भएका छन् । सयौँ सूचना माग गरेर गाउँपालिकालाई जवाफदेही बनाउन, पारदर्शी र सुशासनमुखी बनाउन पहल गरेकामा ईश्वरालाई गत वर्षको उत्कृष्ट सूचनाको हकका अभियन्ताका रूपमा आयोगले पुरस्कृत समेत गरेको छ । उनीसँगै विभिन्न जिल्लाका गरी पाँच अभियन्ताले गत वर्षको उत्कृष्ट सूचनाको हकको अभियन्ता पुर स्कार पाउन सफल भएका छन् । सूचनाको हक प्रवर्द्धनमा ग्रामीण तहसम्म खेलेको महत्वपूर्ण भूमिका, विभिन्न पहल र योगदानको कदर गर्दै उनीहरूलाई यो सम्मान र पुरस्कार दिइएको हो ।

२०८१ असार ३ गते गोर्खेश्वर नगरपालिका र त्यस अन्तर्गतका निकायमा भएका अनियमितता एवं बेथितिका विषयमा सूचना माग गर्ने सूचनाको हकका लागि राष्ट्रिय महासै जिल्ला कार्य समिति कठमाडौँका कार्य समिति सदस्य अस्मिता खत्री, गोर्खेश्वर नगर समिति संयोजक आदर्श क्षेत्री, अभियानकर्मीहरू राजु सुनार, प्रेमप्रसाद श्रेष्ठ, किरण केसी र बलराम चालिसेलाई प्रहरीवृत्त बौद्धले हिरासतमा लियो । बेनामी उजुरी परेका आधारमा असार ३ गते चारजना र असार १० गते दुईजना गरी ६ जना अभियानकर्मीलाई प्रहरीले नियन्त्रणमा लिई झुटा मुद्दा चलाउन खोजेको थियो । निष्पक्ष छानबिनका लागि महासंघले निरन्तर दबाब दियो । अन्ततः उनीहरूका विरुद्ध कुनै पनि प्रमाण नपुगेका कारण प्रहरी प्रशासनले रिहा गर्न बाध्य भयो ।

माथिका केही प्रतिनिधिमूलक घटना हेर्दा आम नागरिकको सवाल उठान गर्न, ती सवालउपर सूचना माग गरेर सार्वजनिक गर्न र ती निकायलाई जवाफदेही, पारदर्शी र सुशासनमुखी बनाउन हजारौँको संख्यामा अभियन्ता देशैभरि सातवटै प्रदेश र ७७ वटै जिल्लामा क्रियाशील रहेको पाइएको छ । सञ्जालले ती अभियन्ताको क्षमता अभिवृद्धिका लागि बेलाबेला सूचनाको हकको प्रवर्द्धनबारे प्रशिक्षण र गोष्ठी सञ्चालन गर्ने कार्य गरिरहेको छ । साथै अभियन्तालाई आचारसंहिताभित्र रहेर कार्य गर्न र गराउन समेत सचेत गराउँदै आइरहेको छ । अभियन्ताले सर्वसाधारणलाई स्वयंसेवी भावले निःशुल्क सूचना मागको निवेदन तयार गर्न सहयोग गर्नेदेखि निकायले प्रदान गर्ने सेवा-सुविधाबारे, ती निकायको कार्य प्रकृतिबारे समेत जानकारी दिई सहयोग गरिरहेका छन् ।

स्थानीय तहमा रहेका सूचना अधिकारीसँग समन्वय गरेर बढीभन्दा बढी प्रभावकारी ढंगले सूचना प्रवाह गर्नका लागि, सर्वसाधारणसम्म सूचना पुऱ्याउनका लागि अन्तर्क्रिया, छलफल निरन्तर गरिरहेका छन् । विभिन्न दिवसका अवसरमा सार्वजनिक निकायसँग सहकार्य र समन्वय गरेर प्रवर्द्धनात्मक अभियान सञ्चालन गर्ने, गाउँ तहमा साना-साना छलफल सञ्चालन गर्ने कार्यहरू निरन्तर जारी छ । आफ्नो कार्य व्यस्तता पछि बाँकी रहेको समयमा नितान्त स्वयंसेवी भावले कार्य गरिरहेका ती अभियन्ताको हौसला बढाउनका लागि आयोगले पनि विभिन्न कार्यक्रम ल्याउन जरुरी छ । ७७ वटै जिल्लामा र ७५३ वटै स्थानीय तहमा रहेका अभियन्तालाई सूचनाको हकको प्रवर्द्धनात्मक कार्यहरूमा बढीभन्दा बढी परिचालन गर्न सञ्जालमार्फत आयोगले पहल अगाडि बढाउन जरुरी छ । जिल्लास्थित प्रशासन कार्यालय र हुलाक कार्यालयलाई दिइएको जिम्मेवारीलाई अझ चुस्त-दुरुस्त बनाउन सके र अभियन्तालाई त्यो कार्य प्रणालीमा जोड्न सके यो अभियान अझ प्रभावकारी हुने कुरामा दुईमत छैन ।

(साभारः रातोपाटी)

महत्वपूर्ण टेलिफोन नम्बरहरू

साझाकुरा

मकवानपुर प्रहरी	
प्रहरी कन्ट्रोल:	१००
जिल्ला ट्राफिक:	५२०५९९
वडा प्रहरी:	५२०२९९
पशुपतिनगर इलाका:	५२०५९८
पालुङ इलाका:	६२०४६७
मनहरी इलाका:	९८५५०९०१६१
इलाका फापरबारी:	६२१९८०
इलाका भीमफेदी:	६९१४६२
इलाका ठिंगन:	९८४५२९९३८१
चौकीटोल चौकी	९७४२५५९५०१
चिल्लाङ चौकी:	६९२०००
चौघडा चौकी	९८४४०५४६०४
नेवारपानी चौकी:	९७५५०००२९९
फाखेल चौकी:	९८४५०३१३९८
पदमपोखरी चौकी:	९८४५०९९७८९

एम्बुलेन्स सेवा	
नेपाल रेडक्रस:	५२०७११, ९८५५०२८९५२
हेटौंडा अस्पताल:	५२०३०५
परिवार नियोजन संघः	५२०७४५,९८४५१०४५००
मनहरी रेडक्रस:	९८४५१०५८२१
छतिवन रेडक्रस:	९८६१६२२३११
भीमफेदी रेडक्रस:	६२०६९९
पालुङ रेडक्रस:	९८१४२०७४०१
बजबाराही रेडक्रस:	९८४५३०२९८४
सहकारी अस्पताल:	०४७-५२६५८७, ९८४५६१९१४
बसामाडी एम्बुलेन्स:	९८४५२९७४७९
बारुण यन्त्र:	१०१
बाल हेल्पलाइन नेपाल:	१०९८
माइती नेपाल:	५२१०५०
अपाङ्ग बाल अस्पताल	९८४५२९६४४५

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

भोलिको पात्रो

भोलि वि.सं. २०८१ असोज १७ गते बिहीवार ३ अक्टोबर २०२४ । प्रतिपदा, आश्विन शुक्लपक्ष । कौलाब्द ११४४ ने.सं. । सूर्योदय ५:५८, सूर्यास्त ५:४६ । घटस्थापना । नवरात्रारम्भः

आजको राशिफल

मेष	: भूमिबाट लाभ लिने समय छ	तुला	: लेनदेनमा विवाद हुनेछ
वृष	: बिग्रिएको सम्बन्ध सुधार्ने मौका छ	वृश्चिक	: धार्मिक कार्यले फाइदा हुनेछ
मिथुन	: महत्वाकांक्षी योजना फलीभूत हुनेछ	धनु	: मन खिन्न बनाउन सक्छ
कर्कट	: काममा परिवारको सहयोग मिल्नेछ	मकर	: दिन उत्साहपूर्ण बन्नेछ
सिंह	: स्वास्थ्यमा कमजोरी हुनेछ	कुम्भ	: नयाँ ज्ञान सिक्ने अवसर मिल्नेछ
कन्या	: उपचारमा खर्च हुनेछ	मीन	: व्यावसायिक यात्राको सम्भावना छ

युवाविहीन ग्रामीण बस्ती

✍ केशव अधिकारी

वर्तमान समयमा हाम्रो देश नेपालका पहाडी क्षेत्रका सबैजसो गाउँहरु युवाविहीन बन्न पुगेका छन् । धेरैजसो युवा आफू विवाहित भएपछि आफ्नो परिवारलाई शहरमा भाडाको घरमा बसाई सन्तानको उचित शिक्षादीक्षाको लागि ध्यान दिन लगाएर विदेश पसेका छन् । कैयौं युवा अविवाहित अवस्थामा नै विदेशिएका र उतै मिल्दो जोडीका साथ विवाहबन्धनमा बाँधिएका छन् । यसरी युवा जनशक्ति विदेशिएको घटनाले गर्दा स्वदेशमै रहेका किशोरहरुको मानसिकतामा पनि विदेशमोहको बिरुवा पलाउन थालेको छ । यसले गर्दा एघार-बाह्र कक्षा सिध्याउन नभ्याउँदै विदेशिने चलन बढ्दो छ ।

विदेशिएका युवाले उतै घरजम गरेर बस्न थालेपछि स्वदेशमा भित्रिनुपर्ने रेमिट्यान्सको मात्रा पनि क्रमशः घटेर जाने सम्भावना छ । तर नेपाल सरकारले नेपाली युवावर्गको विदेश गमनलाई रोक्न कुनै प्रकारको प्रभावकारी पहलकदमी बढाउन सकेको छैन । बरु पहलकदमी बढाउनुको साटो आम नेपाली युवावर्ग विदेश गइदिए र आफ्ना विरुद्धमा वा आफूले चलाएको कुशासनको विरुद्धमा नगए हुन्थ्यो र आफूले मनपरि गर्न पाइन्थ्यो भन्ने आत्मिक विचार बोकेर शासक वर्ग बाँच्दै छन् । बुढेसकालमा आफू एक्लै बाँच्नुपर्ने र सहारा कोही नपाइएला भन्ने मानसिक तनावमा रहेका हरेक अभिभावकले आफ्ना सन्तानलाई मनले नमानेरै पनि विदेश पठाउन खर्चको जोहो गर्न बाध्य हुनुपरेको छ । आफ्ना सन्तानलाई केवल गाउँमा बलजफत रोकेर राख्न सक्ने अवस्था पनि छैन । सन्तानको भविष्य, आफ्नो चरम गरिबीले गर्दा सन्तानलाई विदेश पठाउन हरेक अभिभावक बाध्य भएका छन् ।

ग्रामीण क्षेत्रका हरेक युवा गाउँमा बस्न किन मन पराउँदैनन्? भन्ने प्रश्नको पहिलो जवाफ गाउँमा उचित रोजगारी त परैको कुरो, बिरामी परेका बेला उपचार गर्न खर्चसमेत अभाव भएर अरु कोहीसँग द्वार फैलाउन बाध्य बन्नुपर्छ । सामान्य उपचार र थोरै खर्चले पुग्ने भए हात पसारेर पनि काम चलाउन सकिएला, तथापि जटिल उपचार र अधिक खर्च लाग्ने रहेछ भने थला परेर ओछ्यानमा नै मर्नुपर्ने अवस्था आउन बेर लाग्दैन । दोस्रो कुरा, आफूसँगैका साथीभाइ विदेश गएर वा शहर पसेर धन कमाएका तर आफू भने गरिबीकै दलदलमा फसिरहेको अवस्थाले गर्दा गाउँमै बस्छु भनी बलियो मानसिकता बनाएका युवाको पनि मन विचलित हुन पुग्छ । अझ सँगैको साथीले विदेश गएर आफ्ना सन्तानलाई निजी र महँगा स्कुल-कलेजमा पढाएको, करोडको सम्पत्ति जोडेको भन्नेजस्ता कुराले कोही पनि गाउँले युवाको मन विचलित नभई रहन सक्दैन । गाउँमा बसेर आधुनिक तरिकाले खेतीपाती गर्दाको अवस्थामा कतिपयलाई वर्षभर आफ्नो परिवारलाई खान पुग्ने अन्न उब्जा होला तर धेरैको यो अवस्था पनि छैन । केवल खाएर र बाँचेर मात्र आजको पुस्ताको मान्छे सन्तुष्ट हुनेवाला पनि पटकै छैन ।

पहाडी क्षेत्रमा गरिने परम्परागत कृषि केवल जीवन धान्ने बाटो मात्र हुन्छ । साँच्चै भन्ने हो भने परम्परागत कृषिकर्ममा आफूले लगानी गरेको खर्चसमेत उठ्न गाह्रो हुन्छ । त्यसमाथि पनि कृषिमलको आभाव, प्राविधिक जनशक्तिको पहुँचको अभाव, दुःख र कठिनाइ बेहोरेर उत्पादन गरिएको बालीले उचित बजार मूल्य हासिल गर्न नसक्नुजस्ता कठिनाइ भोग्नुपर्ने हुन्छ । यसले युवा मानसिकता यति धेरै दिक्दार बन्छ कि बरु यो ठाउँमा यति धेरै दुःख गर्नुको साटो शहर पस्दा वा विदेश जाँदा एकोहोरो काम गर्न पनि पाइने अनि गाउँको तुलनामा कमाइ पनि राम्रो हुने विश्वासका साथ विदेश जान्छन् लाखौं नेपाली युवारु ।

ग्रामीण क्षेत्रका युवाले गर्न सक्ने र एउटा सही विकल्पका रुपमा पशुपालन व्यवसाय हो । तर दुःख गरेर पशुपालन व्यवसाय अपनाए पनि बजारको अवस्था असहज भएका कारण फस्टाउने सम्भावना न्यून नै देखिन्छ । कुनै युवाले आफ्नै गाउँमा बाख्रा पालन व्यवसाय सञ्चालन गरेको छ भने हिउँद महिनाभर पालेर वर्षा लागेपछि बेच्छु भन्दा बेच्न सक्ने अवस्था हुँदैन । किनभने बाख्रा बेच्ने भर पर्दो बजार सुविधा छैन । अचानक कसैले रहरले यस्ता व्यवसाय अपनाएर विदेश जान नखोजेले भन्ने सोच बनाएको भए पनि ऊ आफैँमा असफल हुन पुग्छ । दुग्धजन्य पदार्थको उत्पादन बढाएर रोजगारी सिर्जना गर्न खोज्ने युवालाई पनि उचित मात्रामा बजारको अभाव हुन्छ नै । हिउँद महिनामा पालिएका बाख्रा वर्षामासको पानीले भिजेर मर्लान् र आफूलाई घाटा लाग्ला भन्ने सोचाइले सताउन थाल्छ । यो सोचाइ यथार्थ सोचाइ पनि हो । गाई, भैंसी पालेर दूध बेच्ने काम पनि त्यति सम्भव हुँदैन । आजको युवावर्गले हाम्रो पुरानो पुस्ताका बुवा तथा हजुरबुबाले जति मात्रामा शारीरिक श्रम गर्न सक्ने क्षमता थियो त्यति क्षमता देखाउन सक्ने अवस्था छैन । त्यति क्षमता नदेखाई हुङ्गामाटोसँग लाप्पा नखेलेर अनाज उब्जा गर्न सकिँदैन । अनाज उब्जा गर्नको लागि केवल रासायनिक मलको भर परेर हुँदैन । अधिक मात्रामा कम्पोस्ट मलको प्रयोग गरेर थोरै मात्रामा मात्र रासायनिक मलको प्रयोग गर्नुपर्ने हुन्छ । नत्र रासायनिक मलको अधिक प्रयोग मात्र गर्दै जाने हो भने रासायनिक मल उपयोग गर्न थालेको केही वर्षमा नै माटोको अमिलोपना बढेर जानुका साथै कडा र रुखो बन्दै जान्छ अनि केही वर्षमै मरुभूमिजस्तो बन्न पुग्छ । अन्नको भण्डार भनेर चिनिने हाम्रो देशको पूर्वी तराईको माटोमा अधिक रासायनिक मल उपयोगका कारण माटोको अम्लीयपन बढ्नाले मरुभूमिमा परिणत हुँदै छ ।

हाम्रो पूर्वी तराईको माटोमा फलेको धान विदेशतिर समेत निर्यात हुने गरेको थियो । अहिले आएर तराईमा फलेको धान विदेश निर्यात गर्नु त कता हो कता, विदेशबाट धान, चामल नेपालमा आयात गर्न पाइएन भने आम नेपाली भोकै बस्नुपर्ने अवस्था सिर्जना भएको छ । यो कुरा नेपाल सरकारलाई राम्रैसँग अवगत भएको भए तापनि नेपली युवालाई विदेश जानबाट रोकेर स्वदेशमै बस्न सक्ने र युवाले चाहेअनुसारको वातावरण सिर्जना गर्न सकिरहेको छैन भन्दा कुनै अत्युक्ति नहोला । खेतबारीमा रासायनिक मल प्रयोग गर्नुपर्ने बेलामा रासायनिक मलको हाहाकार भएको हुन्छ । दिनभर लाइन बसेर भए पनि सय वा डेढ सय किलो मलको आवश्यकता भएको युवाले केवल चार-पाँच किलो मलमा चित्त बुझाउन बाध्य हुनुपर्छ । पुराना पुस्ताका अभिभावको अभाव भएपछिका दिनमा सरकारी कार्यालयमा सम्पन्न हुनुपर्ने कुनै कामको दायित्व लिएर कुनै पनि सर कारी कार्यालयमा पुगेको युवाले ती सरकारी कार्याल

जनता संकटमा परेको मौकामा आफैंलाई राहत माग्दै निजी क्षेत्र

काठमाडौं/देशैभरि बाढी-पहिरो गएपछि राजमार्ग अवरुद्ध भएको मौका छोपी निजी वायुसेवा सञ्चालकले हवाई भाडा दर माथिल्लो बिन्दुमा पुऱ्याए। एक्कासि, हवाई भाडा चर्किएपछि सामाजिक सञ्जालमा व्यापक आलोचना भयो। त्यसपछि वायुसेवा कम्पनी आफैंले आफूलाई सच्याए र माथिल्लो दरमा भाडा नलिने घोषणा गरे। त्यसबीच व्यवसायीले सरकारसँग माग राख्न भ्याए।

उनीहरूले विज्ञप्ति निकाल्दै भने, 'नेपाल सरकारलाई विषम परिस्थितिमा परल मूल्यमा हवाई इन्धन अविलम्ब उपलब्ध गराउन यो संघ जोडदार माग गर्छ, यसले फ्युल सरचार्ज स्वत: घट्ने र त्यसको फाइदा यात्रुले पाउने छन्।'

सोही विज्ञप्तिमा व्यवसायीले नेपाल नागरिक उड्डयन प्राधिकरणले लगाउँदै आएको ल्यान्डिङ, पार्किंङ, नेभिगेसन, प्यासेन्जर लगायत दस्तुरमा छुट दिनसमेत व्यवसायीले माग गरेका छन्। उता, व्यवसायीले मौकाको फाइदा उठाइरहँदा पर्यटनमन्त्री बद्री पाण्डेले हरेक दिन गलत प्रचारको विज्ञप्ति जारी गरिरहेका छन्। उनले आफ्नो पहलले हवाई भाडा घटेको दाबी गरिरहेका छन्। तर, व्यवहारमा हवाई भाडा घटेको छैन। किनकि, सरकारले नै व्यवसायीले लिन पाउने भाडाको माथिल्लो बिन्दु तोकिदिएको छ। उक्त बिन्दुमा भाडा नलिने निर्णय जनताको आलोचनापछि व्यवसायी स्वयंले गरेका हुन्। सरकारले भाडा घटाएको दाबी गर्ने हो भने आफैंले तोकिदिएको माथिल्लो बिन्दु नै तल झारिदिएको हुनुपर्ने थियो।

बाढी-पहिरोको चपेटाबीच नेपाल निर्माण व्यवसायी महासंघले पनि विज्ञप्ति निकाल्यो। संघले यही मौकामा भन्यो, 'बाढीपहिरोका कारण घाइते भएका सर्वसाधारण सहित क्षतिग्रस्त परियोजनाका सम्बन्धित निर्माण

कम्पनी/व्यवसायीलाई यथाशीघ्र राहत उपलब्ध गराउन महासंघ सरकारको गम्भीर ध्यानाकर्षण गराउँछ।'

त्यस्तै स्वतन्त्र ऊर्जा उत्पादकहरूको संस्था नेपाल (इप्पान) ले पनि यही मौकामा आफ्नो माग पुऱ्याउने गरी आफ्नो अभिव्यक्ति दिइरहेको छ। बाढी-पहिरोपछि ऊर्जा मन्त्रालयले आयोजना गरेको अन्तर्क्रियामा इप्पान अध्यक्ष गणेश कार्कीले जलविद्युत् आयोजनाका लागि आउने सामानमा भ्याट छुट दिन माग गरे। सोही अवसरमा उनले बीमा, पुनर्कार्ज सहित विविध माग पूरा गर्न माग गरे। माग पूरा नभए आयोजना समयमै नसकिने र लागत बढ्ने उल्लेख गरे। बाढी-पहिरो गएपछि नेपाल चम्बर अफ कमर्सले समेत विज्ञप्ति निकाल्दै औपचारिकता पूरा गऱ्यो। विज्ञप्तिमा चेम्बरले समेत आफ्नो माग राख्न छुटाएन।

चेम्बरले भन्यो, 'यस विपत्तिका कारण हुन एएको आफ्नो व्यवसायको क्षतिपूर्ति दाबी भुक्तानीका लागि बिमितले बीमा कम्पनी समक्ष बीमा रकम माग गरे बीमा कम्पनीले बिमितको बीमा रकम यथाशीघ्र भुक्तानी गरिदिने व्यवस्था मिलाइदिनु हुन हार्दिक अपिल गर्दछौं।'

त्यसैगरी नेपाल उद्योग वाणिज्य महासंघले सोमबार विज्ञप्ति निकाल्दै राहत घोषणा गऱ्यो। उसले बाढी अतिप्रभावित जिल्लालाई एक/एक लाख राहत दिने घोषणा गऱ्यो। एक जिल्लाका लागि महासंघले दिने १ लाख रुपैयाँ हजारौं पीडितबीच कसरी पुग्ला ? त्यो सहायता 'हात्तीको मुखमा जिरा' सरह हुनेछ। यद्यपि, यही मौकालाई महासंघले राहत दिने घोषणाका रूपमा प्रचार गर्न भ्याएको।

मंगलबार यातायात व्यवसायी र यातायात व्यवस्था विभागको बैठकमा यातायात व्यवसायीले समेत आफ्ना माग प्राथिमकता साथ राख्न भ्याए। बैठकले दुर्घटनाग्रस्त सवारीको क्षति विवरण संकलन गरी आवश्यक क्षतिपूर्तिका लागि सम्बन्धित निकायमा अनुरोध गर्ने निर्णय गरेको छ।

अत्यावश्यक सहायतालाई ब्रान्डिङ र प्रचार सामग्री बनाउने फेसन

मुलुक र जनता विपद्मा परेको यो मौकालाई कतिपय कम्पनीले भने आफ्नो कम्पनी, संस्था, पार्टी तथा व्यक्तिको ब्रान्डिङ गर्ने अवसरका रूपमा उपयोग गरेका छन्। उनीहरूको यो मौकालाई शासकहरूले समेत हाकाहाकी प्रचार गरिदिन्छन्। मंगलबार प्रधानमन्त्री केपी शर्मा ओलीले आफ्नो फेसबुक पेजमा एक पोस्ट राखे। जसमा व्यवसायी मीनबहादुर गुरुङले बाढीपहिरो पीडितको राहतका लागि १ करोड ११ लाख ११ हजार १ सय ११ रुपैयाँको चेक दिएको उल्लेख छ। बाढी पहिरो पीडितलाई भाटभटेनीका मालिक गुरुङले मन खोलेर सहयोग गरेका छन्। तर, उनको यो सहयोगलाई प्रधानमन्त्री स्तरबाट ब्रान्डिङ गर्न खोजिएको छ।

सोमबार नै महालक्ष्मी विकास बैंकले नख्खु खोलामा उद्धारमा खटिएका चणिकलाल तामाङलाई १ लाख रुपैयाँले सम्मान गरेको भन्दै विज्ञप्ति सार्वजनिक गऱ्यो। घरबार गुमाएका हजारौं नागरिक सहयोगको अपेक्षामा रहेको बेला एक उद्धारकर्मीलाई नगद सहित सम्मान गरेको महालक्ष्मी विकास बैंकको नियतमा प्रचार र ब्रान्डिङको लोभ बढी देखिन्छ।

यही मौकामा नाडा अटोमोबाइल्स एसोसिएसन अफ नेपालले सस्तो प्रचार गर्न भ्याएको १२ असोजमा उद्धारमा खटिएका प्रहरीलाई ५० कार्टुन चाउचाउ र ८० कार्टुन जुस दिएको भन्दै गाडी व्यवसायीहरूको छाता संगठनले प्रचार गर्न भ्याएको छ।

कालोबजारी, मूल्यवृद्धि र कृत्रिम अभाव उत्तिकै

विपद् मौका छोपेर तरकारी र फलफूल व्यवसायीले मनपरी मूल्य बढाएका छन्। उनीहरूको तर्क तरकारीको आपूर्ति नहुनु भन्ने छ। कालिमाटी फलफूल तथा तरकारी बजार र खुद्रा बजार मूल्य हेर्दा हरेक जस्तो वस्तुको मूल्य आकासिएको छ। अहिले अधिकांश तरकारीको मूल्य प्रतिकिलो १ सय रुपैयाँभन्दा माथि पुऱ्याइएको छ। व्यवसायीले विपद्को यस अवस्थालाई कमाउ धन्दा बनाएको देखिएको छ। उता, वाणिज्य विभागले बढाएको अनुगमनमा समेत व्यवसायीले अधिक मूल्य लिएको, म्याद गुज्रिएका सामान बेचेको जस्ता घटना धेरै देखिन्छ।

यसमा होटल व्यवसायी, खुद्रा पसलेदेखि केक पसलसम्मले मौकाको फाइदा उठाइरहेका छन्। उता, तीन बटै तहका सरकार यसरी हुने कृत्रिम अभाव, कालोबजारी र अधिक मूल्यवृद्धिमा प्रभावकारी हस्तक्षेपमा उत्तन सकेको देखिँदैन।

तर, बददेछन् सहयोगी मन

नेपाल निर्माण व्यवसायी महासंघले देशभरि अवरुद्ध राजमार्ग तथा बाटाघाटा सञ्चालन गर्न सरकारका निकायलाई यन्त्र उपकरण उपलब्ध गराउन आफ्ना व्यवसायी सदस्यलाई अपिल गरेको छ। महासंघले विज्ञप्ति जारी गर्दै पीडित नागरिकको उद्धार र राहतमा सक्रिय हुन सबै सदस्यलाई भनेको हो।

सरकारले सोमबार राहत कोषमा १ अर्ब रुपैयाँ जम्मा गर्ने निर्णय गरेको छ। उक्त कोषमा निजी क्षेत्रका तर्फबाट स्वस्फुर्त सहायता आउने क्रम जारी नै छ। प्रधानमन्त्री कार्यालयका अनुसार हालसम्म राष्ट्रिय वाणिज्य बैंकले २ करोड, युनिलिभर नेपाल लिमिटेडले २० लाख रुपैयाँ सहयोग गरेको छ। यस्तै भाटभटेनीका सञ्चालक मीनबहादुर गुरुङले १ करोड ११ लाख ११ हजार १ सय ११ रुपैयाँ दिएका छन्।

(स्रोत: अनलाइनखबर)

परिवारसँग हेर्नुको मजा 'बेहुली फ्रम मेघौली'ले दिन्छ : निश्चल बस्नेत

काठमाडौं/पिन्टम निर्देशनमा निश्चल बस्नेतको गर्विलो छवि छ। 'लुट'बाट नेपाली फिल्मको 'धार' नै परिवर्तन गरेका उनलाई निर्देशकको रुपमा मात्र चिन्दा भने अन्याय हुन सक्छ। उनी निर्माता पनि हुन्। हिरो हुन्। गायक हुन्। म्यूजिक भिडियोमा मोडल पनि बनेका छन्। यसरी हेर्दा निश्चलको परिचयको आयाम फराकिलो छ। यिनै विविध विधाले युवापुस्तामा उनको निकै राम्रो क्रेज निर्माण गरेको छ।

निश्चल जोडिएको हरेक फिल्मप्रति दर्शकमा ठूलो अपेक्षा रहने गर्छ। यसैले उनी गल्ती गर्न छुट नभएका निर्देशक मानिन्छन्। यही दबाबको भारीले हुनसक्छ, उनी हत्तपत्त कुनै फिल्ममा जोडिँदैनन्। 'लुट २'पछि निर्देशनमा फर्किन मात्र उनलाई ६ वर्ष लाग्यो। यो बीचमा लेखेका थुप्रै स्क्रिप्टहरु चित्त नबुझेपछि उनले 'डसबिन'मा मिल्काइदिए। यसले पनि फिल्मप्रति उनको गम्भीर्यता दर्शाउँछ।

आफूले लेखेको स्क्रिप्टमै त हत्तपत्त चित्त नबुझाउने निश्चलले पहिलो पटक अरुले नै लेखेको स्क्रिप्ट र निर्देशनमा विश्वास गरेर फिल्म 'बेहुली फ्रम मेघौली'मा लगानी गरेका छन्। र, अभिनय पनि। यही फूलपातीबाट प्रदर्शनको तयारीमा रहेको फिल्ममा लेखन तथा निर्देशन साजन काफ्ले र आकाश बरालको छ। आकाशले निश्चलको अघिल्लो फिल्म 'दिमाग खराब'को पनि स्क्रिप्ट लेखेका थिए।

निर्देशकद्वयले फिल्मको 'आइडिया' लिएर आएपछि निश्चलले सोधेका रहेछन्- 'प्रत्येक फिल्मले केही न केही भन्न खोज्छ। यसले के भन्छ ?' निर्देशकहरुले 'ब्रिफिङ' गरेपछि निश्चल 'कन्भिन्स' भए। यसपछि उनी फिल्ममा जोडिएका हुन्। उनी भन्छन्, 'उनीहरूले भन्न खोजेको चीज मन परेर नै काम गरेको हुँ। फिल्ममा एउटा स्टेटमेन्ट छ। त्यो चीज मनन् गरियो भने राम्रो हुन्छ जस्तो लाग्छ।'

निश्चललाई 'बेहुली फ्रम मेघौली'ले दर्शकलाई निराश बनाउँदैन भन्ने लाग्छ। 'मनोरञ्जनको हिसाबले दर्शकलाई फिल्म हेरुन्जेल 'बोर' लाग्दैन। यो फिल्म नउम्क्योस् भनेर मैले साजन र आकाशलाई 'गाइड' राम्ररी नै गरि रहेको थिएँ,' उनी भन्छन्, 'परिवार सँग हेर्नुको मजा यो फिल्मले दिनेछ भन्ने मलाई लाग्छ।' हलबाट फिल्म हेरेर निस्किँदा दर्शकले सन्देश पनि लिएर फर्किने उनको विश्वास छ।

हरेक फिल्मले मनोरञ्जन सँगै दिमागमा केही तरंग पनि ल्याउनुपर्छ भन्ने निश्चललाई लाग्छ। 'बेहुली फ्रम मेघौली'ले पनि मनोरञ्जनसँगै सशक्त रुपमा सामाजिक सन्देश दिएको उनको दाबी छ। सामाजिक कथावस्तुलाई फिल्मले रमाइलोसँग भनेको उनी बताउँछन्। फिल्ममा उनको जोडी आफ्नै श्रीमती स्वस्तिमा खड्कासँग बाँधिएको छ। निर्माणमा पनि स्वस्तिमाले निश्चललाई साथ दिएकी छन्।

विराज र समीरको एक्सनले भरिएको '१२ गाउँ'को ट्रेलर

काठमाडौं/यही असोज २४ गते फूलपातीदेखि प्रदर्शनको तयारीमा रहेको अभिनेता विराज भट्ट निर्देशित फिल्म '१२ गाउँ'को ट्रेलर सार्वजनिक गरिएको छ। मंगलबार युट्युबमार्फत् सार्वजनिक ३ मिनेट १४ सेकेण्ड लम्बाईको ट्रेलर एक्सनले भरिएको छ। विराज भट्ट र यही फिल्मबाट डेब्यु गरेका समीर भट्ट (विराजका छोरा) दुवै एक्सन अवतारमा प्रस्तुत छन्। ट्रेलरमा प्रेम र पीडाको पनि समिश्रण छ।

१२ गाउँ भन्ने ठाउँमा आधिपत्य जमाएर बसेको अत्याचारी पात्र (मुरलीधर)को साम्राज्य ध्वस्त पार्न विराज र समीरले गरेको संघर्षको कथावस्तुमा फिल्म बनेको ट्रेलरले प्रष्ट पार्छ। विराजलाई बाघको रुपमा चित्रित गरिएको छ। एक्सन र संवाद हावी रहेको ट्रेलरको अन्तिममा समीर 'सिक्स प्याक एब्स' देखाउँदै प्रस्तुत छन्। एक्सनप्रति रुचि हुने दर्शकलाई फिल्मले आकर्षित गर्न सक्ने देखिन्छ।

विराज र समीर पहिलो पटक एकसाथ देखिएकाले दर्शकमा '१२ गाउँ'को ठूलो प्रतिक्षा छ। फिल्ममा पूर्व 'मिस नेपाल इन्टर नेशनल' न्यान्सी खड्का, मोडल सनिशा भट्टराई, दीया मास्के, अर्जुन जंग शाही, कनिज कोइराला, नरेन खड्का, कृष्ण भट्ट, सोनु चन्द्रपाल, कालु राना, शुलेमान शंकर 'इकु', भिष्म जोशी, स्टन्ट सिल्भा (साउथ फिल्मका कलाकार) लगायतको पनि अभिनय देख्न सकिन्छ।

फिल्ममा महेश पौडेलको छायांकन, अर्जुन पोखरेल र निरज सिंहको संगीत, रामजी लामिछाने र सुनिल क्षेत्रीको कोरियोग्राफी तथा प्रवीन केएल र भुपेन्द्र अधिकारीको सम्पादन रहेको छ भने विराज स्वयंको कथा र सन्तोष सरकारको पटकथा तथा संवाद लेखन छ। यसमा द्वन्द्व निर्देशन साउथका स्टन्ट सिल्भाले गरेका छन्। उनले साउथका ५० बढी फिल्ममा द्वन्द्व निर्देशन गरिसकेका छन्।

कात्तिक ९ मा 'सानो संसार'लाई पुन: प्रदर्शन गरिने

काठमाडौं/शुक्रबार र शनिबार परेको अविरल वर्षाले देशभरको जनजीवन प्रभावित भएपछि फिल्म 'सानो संसार'का निर्माताले प्रदर्शनको दुई दिनमै रिलिज स्थगित गरेका थिए। अब आगामी कात्तिक ९ गते फिल्मलाई पुन: प्रदर्शन गरिने भएको छ। निर्माण कम्पनी प्रिन्सेस मुभिजले सोमबार विज्ञप्ति जारी गर्दै नयाँ प्रदर्शन मितिबारे जानकारी गराएको हो। कात्तिक ९ गते अन्य कुनै नेपाली फिल्म छैनन्।

प्रदर्शनपूर्व काठमाडौंमा गरिएको प्रिमियरमा 'सानो संसार'ले राम्रो प्रतिक्रिया पाएको थियो। फिल्मको कथावस्तु र कलाकारहरूको अभिनयको प्रशंसा भएको थियो। तर, रिलिजकै दिनदेखि देशभर पानी पर्दा हलमा फिल्म हेर्ने दर्शक शून्य बराबर थिए। यसपछि फिल्मको प्रदर्शन नै स्थगित गर्न निर्माता बाध्य भए। अब फेरि फिल्मको प्रचारमा निर्माताले ठूलो खर्च र मिहिनेत गर्नुपर्ने देखिन्छ।

सिद्धार्थ पुडासैनीको निर्देशनमा बनेको फिल्ममा सीतादेवी तिमिल्सेना (कलाकार केदार घिमिरे 'माग्ने बुढा'की श्रीमती), अनु दाहाल, राज पंगेनी शर्मा, अन्जसा रिजाल, शिशिर सिवाकोटी, सरिता भण्डारी, जीवन गौतम लगायतको अभिनय रहेको छ। निर्देशकदेखि कलाकार सबैको यो पहिलो फिल्म हो। 'सानो संसार'को निर्माताभा अर्जुन कुमार र कार्यकारी निर्माताभा माधव वाग्ले रहेका छन्।

तटबन्धले जोगाएको नारायणी नदी किनार बस्ती

चितवन/केही दिन अघिको अविरल वर्षाले नारायणी नदी उर्लिएर आयो। नारायणी नदीको जलसतह निकै माथि उक्लियो। तर पनि भरतपुर महानगरभित्र पर्ने अधिकांश नदी किनार क्षेत्रका तटबन्ध नदीले तोड्न सकेन।

तटबन्ध नभएका केही स्थानबाट नदी बस्तीमा पसे पनि वितण्डा मच्चाउन पाएन। नारायणीको जलसतह मापन गर्न थालेको ६१ वर्षको अवधिमा ११ दशमलव ५४ मिटर यस अघि कहिल्यै मापन भएको थिएन। भरतपुर महानगरपालिका-१ देवघाटमा नारायणी नदीको सतह मापन नारायणी बेसिन फिल्ड कार्यालयले गर्दै आएको छ।

कार्यालयका सूचना अधिकारी विशाल अधिकारीका अनुसार सन् १९६३ बाट सरु गरिएको मापनमा हालको तथ्यांक सबैभन्दा धेरै हो। सतह बढेसँगै देवघाटका वृद्धाश्रमबाट केहीलाई उद्धार गर्नु पऱ्यो। नारायणगढ बजार हुँदै पश्चिम चितवनको गोलाघाटसम्मको बस्ती उच्च जोखिममा थियो।

यद्यपि नदी किनार क्षेत्रमा गरिएका तटबन्धनका कारण बाढी बस्तीमा पस्न पाएन। महानगर पालिकाका प्रमुख प्रशासकीय अधिकृत लक्ष्मीप्रसाद पौडेलका अनुसार भरतपुरको वडा नं १, ३, १६, १७, २६, २७ र २८ का केही ठाउँहरुमा बाढी पसेर डुबान भएको थियो।

नदीले ५१५ घर डुबानमा परेको र एक हजार ४१० जनालाई एक रातका लागि सुरक्षित ठाउँमा सार्नुपरेको उनले जानकारी दिए। डुबानमा परेर विस्थापित उनीहरु घर फर्किसकेका छन्। नदीले नारायणगढ बजार नजिक समुन्द्री किनार (बिच मोडल)का रुपमा विकास गरिरहेको ठाउँमा क्षति पुऱ्याएको छ। नारायणी नदी व्यवस्थापन आयोजनाले बनाएको मूल संरचनामा क्षति पुगेको छैन। माटो पुरेर 'मोज्याक टायल' लगाइएको पैदल मार्ग बगाएको छ। भरतपुर महानगरपालिका-२६ भगडीबी पार्वती पौडेल तटबन्धनले बचाएको बताइन्। उनले भनिन्, 'तटबन्ध नभएको भए हाम्रो बस्ती डुबिसकेको हुन्थ्यो।'

पछिल्ला वर्षहरुमा तटबन्धका कारण बस्ती जोगिएको उनको भनाइ छ। वडा नं २६ का वडाअध्यक्ष ज्ञानप्रसाद खनाल तटबन्धनका कारण पश्चिम चितवन जोगिएको बताउँछन्। आफ्नो वडाको हिरापुरमा छिरेको नारायणीको पानीको कारण ३० घर डुबानमा परे पनि दुई दिनमै सुकेको उनले बताए। उनले भने, 'उहाँहरु घर फर्किसक्नुभएको छ। तटबन्धन नभएको भए हाम्रो वडा सखाप हुन्थ्यो।'

वडा नं २६ सँगै २७, २८ पूर्ण प्रभावित हुने खनाल बताउँछन्। वडा नं २८ का अध्यक्ष दण्डपानी रिजालले नारायणी नदी उर्लिएको भए पनि तटबन्धले जोगाएको बताए। पुरानो तटबन्ध भत्काएर सिसवार नजिकै बस्तीमा पानी पसे पनि रोक्न सकिएको रि जालको भनाइ छ। वडा नं १६ मा दुई सय घर बाढीबाट प्रभावित भएको वडाअध्यक्ष अमृत हमालले जानकारी दिए। भन्झन्ने, गुम्बाचौर र सिद्धिगणेश सामुदायिक वन क्षेत्रबाट नदी पसेको उनले बताए। यी क्षेत्रमा तटबन्ध गर्न बाँकी छ।

नारायणी नदी व्यवस्थापन आयोजनाका सूचना अधिकारी प्रकाश लम्साल तटबन्ध नगरिएका क्षेत्रबाट बस्तीमा बाढी पसेको बताउँछन्। वडा नं २८ र वडा नं २७ को दुई ठाउँमा १० वर्षअघि बनाइएका तटबन्ध बाढीले खोतलेको भए पनि अहिले नयाँ तटबन्धमा सामान्य समस्याबाहेक नदेखिएको उनले बताए। लम्सालले भने, 'कम्तीमा थप तीन किलोमिटर क्षेत्र तत्काल तटबन्ध गर्नुपर्ने देखिएको छ।' नारायणी पुलबाट गोलाघाटसम्म ३५ किलोमिटर क्षेत्र पर्छ। आयोजनाले चितवनतर्फ पाँच योजनासहित नवलपरासीसमेत गरी चार अर्ब ७२ करोड रुपैयाँमा ठेक्का लगाएर तटबन्ध लगाइरहेको छ। चितवनतर्फका सबै ठाउँमा तटबन्ध लगाउँदा रु दुई अर्ब बजेट थप आवश्यक पर्ने लम्सालको भनाइ छ।

भरतपुर महानगरतर्फ मात्रै तटबन्धनका लागि रु २६ अर्ब लाग्ने विस्तृत अध्ययन प्रतिवेदनमा उल्लेख छ। भरतपुर महानगर पालिकाका प्रमुख रेनु दाहाल तटबन्धका कारण नारायणी नदीले भरतपुर महानगर क्षेत्रमा क्षति हुन नपाएको बताउँछिन्।

डुबान भएको ठाउँमा तटबन्ध गर्न नभ्याएका कारण बाढी पसेको उनको भनाइ छ। उनले भनिन्, 'भरतपुरतर्फको ३५ किलोमिटर मध्ये झन्डै १० किलोमिटर तटबन्ध गर्न बाँकी छ। ती ठाउँका लागि पहल भइरहेको छ।'

भरतपुर महानगर पालिकाले उद्योग वाणिज्य संघर्सग सहकार्य गरेर बनाएको पैदल मार्गमा केही क्षति पुगेको नगर प्रमुख दाहालले जानकारी दिइन्। दुई संस्थाले ९० लाख रुपैयाँ लागतमा पैदल मार्ग बनाएका थिए। भरतपुर महानगरपालिकाका उपप्रमुख चित्रसेन अधिकारीले नदी तटीय सबै क्षेत्रमा तटबन्धको आवश्यकता देखिएको बताए। नारायणगढस्थित नारायणी नदी किनारका मुख्य संरचनामा क्षति नभएको र खाल्टो परेको ठाउँमा मर्मत गरेर पूर्ववत् अवस्थामा फर्काउन सकिने उनले बताए। उनले भने, 'हामीले थाहा पाएपछिको ठूलो बाढी आयो तर जनधनको क्षति हुन पाएन।'

(स्रोत: अनलाइनखबर)

युवाविहीन ग्रामीण...

पाँच मिनेटमा सम्पन्न हुने कुनै कामलाई पाँच घण्टा र कहिले पाँच दिन लम्ब्याउने र अन्त्यमा काम सम्पन्न नभई फेरि अर्को दिनलाई साँचेर फर्कनुपर्ने अनि अर्को दिन, अर्को दिन थ्राएर ब्लतल्ल काम सम्पन्न गर्नुपर्ने सरकारी कामको रवैया हेरेर दिक्दार मानसिकता बोकेको युवा जतिसक्दो छिटो विदेश जान वा गाउँ छोडेर शहर पस्न उद्यत् हुन्छ। कम्तीमा विदेश गएको खण्डमा एक लगनी काम गर्दा पैसा पनि कमाइयो, दिक्दार पनि हुनुपरेन भन्ने मानसिकतामा पासपोर्ट र भिसाको क्रममा लाग्न थाल्छ।

कैयौँ नेपाली युवाले राजनीतिक परिवर्तन र सुधारको अपेक्षा राखेर विभिन्न कालखण्डमा भएका आन्दोलनमा भागलिई परिवर्तनका लागि अहं भूमिका खेलेका थिए, जसका कारणले गर्दा स्लो राजनीतिक परिवर्तन नभएका होइन्न। राजनीतिक परिवर्तन भए पनि उनीहरुले अपेक्षा गरेअनुसार राजनीतिक र शासकीय सुधार हुने छाँट देखा परेन। उही र उस्तै चाकडी, चाप्लुसी, भ्रष्टाचार, अनाचार, दुराचारजस्ता विकृतिले नेपलको राजनीतिलाई गाँजिरहेको छ। राजनीतिको यो असफलता पछिका दिनमा आम नेपाली युवाको मानसमा यति धेरै दिक्दारी थपियो कि भनेर साध्यै हुँदैन। यो राजनीतिक दिक्दारीले गर्दा र आफ्ना असफल नेताको चाकरी गर्नुपर्दा धेरै युवामा यो घृणित काम हो जस्तो लाग्यो। त्यसपछि उनीहरु गाउँ छोड्न हतारिए। आम युवामध्ये जसले नेताको चाकडी गर्दा गर्व महसुस गर्छ, त्यसैमा आत्मसन्तुष्टि राख्दछ। त्यस्तो युवा मात्र गाउँमै रमाउन सक्यो भने अरु सबै युवा गाउँ छोडेर हिँड्न हतारिए। आज पनि गाउँमै बसेका धोरै युवाहरु पनि आफू कुहिएर गाउँमा नै बसेको, कुनै पुरुषार्थका काम गर्न नसकेको र एउटा असफल जीवन बिताउँदै गरेको अनुभवमा ज्यादै हीनताको भावना बोकेर बाँचिरहेका छन्। अझ राजनीतिमा छिरेर चाकडी-चाप्लुसी गरेर अथाह सम्पत्ति जोड्ने युवाले बेलामौकामा गाउँमा निस्केर लडाएका गफले ती गाउँले युवालाई आफ्नो मर्ममा प्रहार गरेको जस्तो लाग्छ। यसले उनीहरुका मानसको हीनताको भावना अझै बढेर जाने गर्दछ।

यसरी विभिन्न कारणमध्ये जुनसुकै कारणले भए पनि हरेकजसो गाउँले युवावर्ग कि त शहर पस्न खोज्छ, कि त विदेश जान खोज्छ। युवाको यो मानसिकतालाई हटाएर स्वदेशको माया गर्नुपर्छ, स्वदेशकै उन्नति र प्रगतिको लागि हरेक कर्म गरिनुपर्छ भन्ने सन्देश दिनुपर्छ। मूलरुपमा युवाको भावनामा यसलाई भर्ने हो भने स्वदेशमै रोजगारीका विभिन्न अवसर सिर्जना गर्न सकिन्छ।

साभार: न्यूज अफ नेपाल

के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?

Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark

टोनर रिफिलिङ, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस्।

Printer Shop
The complete office solution
Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com

ड्राइभिङ्ग सिक्ने तयारीमा हुनुहुन्छ ?

अब निराश नहनुहोस्...

हामी कहाँ जतिसुकै नजान्ने भएपनि दक्ष तथा अनुभवी प्रशिक्षकद्वारा गाडी सिकाइनुका साथै लाइसेन्स परीक्षा र ट्रायल सहजै पास गर्न सक्ने गरी ड्राइभिङ्ग प्रशिक्षण दिइन्छ।

हाम्रा विशेषताहरू:

- अनलाइन फर्म भर्ने सुविधा।
- रोड टेस्ट गराइन्छ।
- दक्ष प्रशिक्षकहरुद्वारा प्रशिक्षण।
- लाइसेन्स ट्रायलको प्राविधिक ज्ञान दिइन्छ।
- गाडीको पार्टपूर्जासम्बन्धी सम्पूर्ण ज्ञान दिइन्छ।

प्रबन्ध निर्देशक: टिका कुमारी दुलाल

के. के. ड्राइभिङ्ग प्रशिक्षण केन्द्र

हेटौंडा-१, चौकीटोल (हिमालयन मोटर्स अगाडि)

सम्पर्क: ९८४५१७०९४१५, ९८१७०२८४६१४, ९८४५२२७०५७

बाढीपहिरोबाट सर्वसाधारणको चाडपर्व प्रभावित

हेटौंडा-काठमाडौं जोड्ने ५ वटा सडक अझै अवरुद्ध

साझाकुरा संवाददाता

हेटौंडा, १५ असोज/ बागमती प्रदेश राजधानी हेटौंडा र संघीय राजधानी काठमाडौंलाई जोड्न छोटो दूरीका आधा दर्जनभन्दा बढी सडक छन् । तीमध्ये ५ वटा सडक अझै अवरुद्ध छन् ।

खुलेका सडक पनि क्षतिग्रस्त अवस्थामा जोखिमपूर्ण रुपमा यात्रा गर्नुपर्ने अवस्था छ । मुलुकको राजधानी काठमाडौंमा ब्यापार, ब्यवसाय, जागिरको सिलसिलामा बसोबास गर्नेहरु मुख्य चाडपर्वको समयमा काठमाडौं बाहिर जान ठूलो समस्या भएको छ । आफ्नै सवारी साधन हुनेहरुलाई पनि सडकको समस्याका कारण उपत्यकाबाट बाहिरिन समस्या सृजना भएको हो । दसैंको समयमा पनि पानी परिरहने सम्भावना देखिएको र बाढीले क्षतिग्रस्त र चिप्ला सडकमा गाडी चलाउन उनीहरूले हिम्मत गरिरहेका छैनन् ।

दसैंको ब्यापारका लागि काठमाडौं सामान लिन जान नसकेर हेटौंडाका ब्यवसायी चिन्तित छन् । वर्षासँगै पहिरो खसेर अवरुद्ध भएको हेटौंडा-काठमाडौं जोड्ने सडकमध्ये मकवानपुरको हेटौंडा-काठमाडौं र हेटौंडा-धरान चतरा जोड्ने दुईवटा सडक सञ्चालनमा आएको छ भने ५ वटा सडक अझै अवरुद्ध छ । जिल्ला प्रहरी कार्यालय मकवानपुरका अनुसार सडकबाट पहिरो पन्छाएर त्रिभुवन राजपथ सडकअन्तर्गत हेटौंडा-भैंसे-पालुङ-चिल्लाङ-चन्द्रागिरी-काठमाडौं जाने सडक एकतर्फी रुपमा सञ्चालनमा आएको छ ।

वर्षासँगै खसेको पहिरो पन्छाएपछि यो सडक सञ्चालनमा आएको जिप्का मकवानपुरका निमित्त प्रवक्ता प्रहरीनिरीक्षक ठाकुर प्रसाद सापकोटाले जानकारी दिए । यो सडक खण्डअन्तर्गत मकवानपुरको थाहा नगरपालिका-५ दामनमा पहिरो जाँदा सडक अवरुद्ध भएको थियो । यस्तै मदन भण्डारी लोकमार्गअन्तर्गत हेटौंडा-सिन्धुली-धरान चतरा सडक पनि सञ्चालन भएको छ । पहिरो पन्छाएर सञ्चालन भएको केही छिनमै पुनः ठूलो पहिरो खसेपछि हेटौंडा-भैंसे-भीमफेदी सडक अवरुद्ध भएको छ ।

कान्तिलोकपथ सडक खण्डको बकैया गाउँपालिका-१२ घट्टेपाखा र ११ नं वडाको लामाड़, आँपचौरमा पहिरोको कारण र भीमफेदी गाउँपालिका-८ स्थित वागमती खोलाको पुल कटान गरी सडक पूर्णरुपमा अवरुद्ध छ । दक्षिणकाली-छैमले-सिस्नेरी सडक खण्डअन्तर्गत इन्द्रसरोवर गाउँपालिका-३ रामचन्द्र भञ्याङमा पहिरो खस्दा कुलेखानी-फाखेल-फर्पिङ बाटो पूर्णरुपमा अवरुद्ध रहेको प्रहरी निरीक्षक सापकोटाले बताए ।

दक्षिणकाली-छैमले-सिस्नेरी सडक खण्डकै इन्द्रसरोवर गाउँपालिका-२ सिमखोलास्थित लच्कामा सिमखोलमा आएको बाढीले कटान गरी कुलेखानी-सिस्नेरी-फर्पिंङ बाटो पूर्णरुपमा अवरुद्ध भएको छ । कुलेखानी-मार्खु भित्री सडक खण्डको इन्द्रसरोवर गाउँपालिका-१ सिम्लाङमा पहिरोको कारण थानकोट-कुलेखानी बाटो पूर्णरुपमा अवरुद्ध छ । भीमफेदी गाउँपालिका-४ रातोमाटे, भीमफेदी-६ ढोकाफेदीमा पहिरो खसेर हेटौंडा-कुलेखानी जोड्ने बाटो पूर्णरुपमा अवरुद्ध रहेको प्रहरीले जनाएको छ ।

बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाले उपत्यका बाहेकको १० जिल्लाका २६ वटा सडक अझै अवरुद्ध रहेको जनाएको छ । बाढी, पहिरोका कारण अवरुद्ध भएकामध्ये मकवानपुरका ११ वटा, सिन्धुलीका आठ, रसुवाका सात, सिन्धुपाल्चोकका तीन, काभ्रे र रामेछापका दुई/दुईवटा सडक अझै अवरुद्ध रहेको प्रहरी उपरीक्षक दुर्गाराज रेग्मीले जानकारी दिएका छन् ।

लाईभ सेलो साँझ-२०८१ कार्यक्रम स्थगित

साझाकुरा संवाददाता

हेटौंडा, १५ असोज/ हेटौंडामा आयोजना हुने भनिएको 'लाईभ सेलो साँझ-२०८१' कार्यक्रम स्थगित भएको बताइएको छ । असोज १९ गते हेटौंडाको पल्पसा सभाहलमा हुने भनिएको यो कार्यक्रम अब आगामी कार्तिक ९ गते हुने गरी सारिएको हो ।

कार्यक्रम स्थगितको बारेमा मंगलबार आयोजक संस्था ओपेरा ईन्फोटेन्मेन्ट मिडिया प्रालिले पत्रकार सम्मेलनमा जानकारी दिएका हुन् । आयोजकले प्रायोजक, सहयोगी र शुभेच्छुक संघसंस्थासँगको छलफल पछि कार्यक्रम स्थगित गरिएको जनाएको छ । निरन्तर वर्षाका कारण देशभर आएको विपत्ति र जनधनको क्षतिले सिंगो देश शोकमा डुबेको समयमा यस्तो मनोरञ्जनात्मक कार्यक्रम आयोजना गर्नु सान्दर्भिक नदेखिएको कार्यक्रमका प्रोप्राइटर विक्रम लुम्बाले बताए ।

कार्यक्रमका लागि खाजाको व्यवस्था गर्न १ हजार रुपैयाँ प्रवेशशुल्क तय गरिएको थियो । 'कार्यक्रमको लागि जम्मा ६ सय टिकटमा करिब ३ सय टिकट बिक्री भइसकेको र टिकट खरिद गरेका दर्शक तथा स्रोतालाई कार्यक्रम स्थगितको बारेमा जानकारी गराइएको बताइएको छ । कार्यक्रम 'एक तामाङ घर, एक डम्फू भन्ने नारासँगै तामाङ समुदायको मौलिक कला, संस्कृति, गीत-संगीत र बाजाको संरक्षण र सम्बर्द्धनको उद्देश्यले आयोजना गर्न लागिएको हो ।

यस कार्यक्रममा मकवानपुरका चर्चित सेलोगायक प्रकाश तितुङ, गायिका सुमिना लो र अन्य स्थानीय कलाकारहरुको प्रस्तुति रहनेछ । पत्रकार सम्मेलनमा नेपाल तामाङ घेदुङ जिल्ला समन्वय समिति मकवानपुरका कोषाध्यक्ष सुरेश लामा, मकवानपुर तामाङ कलाकार संघका अध्यक्ष धिरेन लामा, कार्यक्रम संयोजक विक्रम लुम्बा, तामाङ पत्रकार संघ मकवानपुरका उपाध्यक्ष सन्देश थिङ लगायतको उपस्थित रहेको थियो ।

सिस्नेरीका बाढीपीडितलाई लायन्सको राहत

साझाकुरा संवाददाता

हेटौंडा, १५ असोज/ अविरल वर्षापछि आएको बाढी पहिरोबाट प्रभावित नागरिकलाई राहतसामग्री लिएर लायन्स क्लबको टोली मकवानपुरको सिस्नेरीतर्फ गएको छ ।

स्थानीय प्रशासनको आव्हानमा लायन्स क्लब इन्टर नेशनल र स्थानीय लायन्स टोलीको राहतसामग्री लिएर सिस्नेरीतर्फ गएको हो । लायन्स क्लब इन्टर नेशनल डिष्ट्रिक्ट ३२५ एस नेपालकी गभर्नर टासीडोल्मा तुम्बाहाङफेको नेतृत्वमा ६५ परिवारका लागि खाद्यान्नसहित म्याट र त्रिपाल लिएर टोली सिस्नेरी गएको क्लबले जनाएको छ । लायन्सले प्रतिपरिवार २५ केजी चामल, २ केजी दाल, २ थान त्रिपाल, तेल २ लिटर, साबुन २ थान, बिस्कुट २ प्याकेट, केराउ २ केजी, नुन १ केजी र सोयाविन १ केजी उपलब्ध गराउने जनाइएको छ ।

स्थानीय प्रशासनले बाढी-पहिरो प्रभावित क्षेत्रमा

सहयोगको आवश्यकता रहेको जानकारी प्राप्त भएपछि लायन्स क्लबको अन्तर्राष्ट्रिय कोषबाट २ लाख रुपैयाँसहित स्थानीय क्लबबाट सहयोग संकलन गरी राहतसामग्री वितरणको लागि त्यसतर्फ गएको बताइएको छ । केहीदिन अघिको अविरल वर्षापछि एएको बाढी-पहिरो र डुबानका कारण इन्द्रसरोवरको सिस्नेरीसहित विभिन्न स्थानमा क्षति पुऱ्याएको छ ।

वर्षाको कारण इन्द्रसरोवर तालमा पानी भरिएपछि ड्यामको ढोका खोल्दा निस्किएको पानी जाँदा इन्द्रसरोवर-३, सिस्नेरी बजारको प्रहरीचौकीसहित ३० घर बाढीले बगाएको थियो । बाढीले इन्द्रसरोवरको खानीखोलास्थित २८ घर डुबानमा परेको थियो ।

अविरल वर्षापछि आएको पहिरोमा पुरिएर स्थानीय बत्सलादेवी मामिमा अध्ययनरत ६ जना विद्यार्थीको मृत्यु भएको थियो । एन्फा एकेडेमीमा फुटवल प्रशिक्षण लिने र बत्सलादेवी मामिमा अध्ययन गर्ने ४० जना विद्यार्थीमध्ये ६ जनाको पहिरोमा पुरिएर मृत्यु भएको हो ।

पाकेर लहलह झुलेको धान बाढीले सखाप, खेत बन्यो बगर

सिन्धुली/सिन्धुलीको सुनकोशी गाउँपालिका-१ नेपालथोक्का सुन्दर फाँट पाकेको धानले पहेंलपुर देखिएको थियो । लहलह झुलेर सुनौलो देखिएका धान भित्र्याउन किसानले खेतला खोजिसकेका थिए ।

गत शुक्रबार र शनिबार रोशी खोलामा आएको बाढी धान फाँटमा पस्यो । बाढीसँगै आएको लेदो माटो, गेग्रानले खेतै बगर बनाइदियो । दसैंअघि धन्क्याई सक्ने तयारी गरिएको धान बालीसहित उब्जाउ हुने खेत बगरमा परिणत भएपछि किसान निराश छन् ।

जग्गा भाडामा लिएर २२ रोपनीमा लगाइएको धान भित्र्याउने बेलामा बाढीले सखाप पारेपछि भोक, निद्रा हराएको किसान केशवसिंह श्रेष्ठको दुःखेसो छ । 'जेठ २९ गते रु ८० हजार खर्च गरेर रोपेको धान पाकेपछि बाढीले खायो, दुःख गर्ने हामीले खान पाएनौं । सात जनाको परिवार छ, अब के खुवाएर पाल्ने ? चिन्ता मात्र लाग्छ, चार दिनदेखि भोक, निद्रा छैन', उनले भने । किसान श्रेष्ठले २२ रोपनीबाट एक सय मुरी धान भित्र्याउने गर्नुभएको थियो । यस वर्ष एक दानो भित्र्याउन नपाई बाढीले सखाप बनायो ।

सुनकोशी-१ गोइरीकी कृष्णमाया तोलङ्गेले बाढी खेतमा पसेपछि एक दानो धान भित्र्याउने अवस्था नरहेको बताए । तीन रोपनीमा लगाएको पाकेको धान, रोपाई खर्च, बीउ, मल, परिश्रम सबै खेर गएको उनले सुनाए । बाढीले बगाएको धान खेत हेर्दै गणेश श्रेष्ठ भक्कानिए । सुनकोशी-१ गजुलीदह बस्ने किसान श्रेष्ठको मुख्य पेसा कृषि नै हो । यसैबाट निर्वाह भएको थियो, पाँच जना परिवारको जीवन । पाकेको धानसहित पाँच रोपनी खेत बगर बनाएपछि उहाँलाई यतिबेला चिन्ता बढेको छ ।

नेपालथोक्का किसानलाई मात्रै होइन, बाढीले खोला र नदी आसपासका धान खेत कतै कटान गरेको छ त कहीं ढालेर सोतर बनाएको छ भने कतै बालुवा, माटो, ढुङ्गा र मुडाले पुरेर उराठिलो बगर बनाइदिएको छ । सुनकोशी गाउँपालिकाभित्रको क्षेत्रमा मात्रै तीन सय बिघामा लगाइएको धान बाली बाढीले नष्ट गरेको उपाध्यक्ष कपिलकुमार कोइरालाले बताए ।

कैलाशका किशोरीलाई आत्मरक्षा तालिम दिइने

साझाकुरा संवाददाता

हेटौंडा, १५ असोज/ कैलाश गाउँपालिकामा किशोरी सुरक्षा तथा आत्मरक्षा सीप विकास तीन दिने तालिम सम्पन्न भएको छ ।

असोज १० गतेदेखि १२ गतेसम्म सञ्चालन भएको तालिममा पालिकाभित्रका ४८ वटा विद्यालयबाट १/१ जना शिक्षकको सहभागिता रहेको थियो ।

तालिममा विद्यालय उमेरका बालबालिकाको सुरक्षा र आत्मरक्षा सीप विकाससम्बन्धी अभिमुखीकरण तथा प्रशिक्षण दिइएको स्रोतशिक्षक धुवराज विष्टले जानकारी दिए । तालिमको उद्घाटन गर्दै गाउँपालिका अध्यक्ष लोकबहादुर मुक्तानले यस किसिमको तालिमले विद्यालय उमेरका बालबालिकालाई सुरक्षित हुन मद्दत पुग्ने विश्वास व्यक्त गरे ।

वार्षिक स्वीकृत कार्यक्रम अनुसार तालिम आयोजना गरिएको उनले बताए । तालिममा सहभागी शिक्षकले आफ्नो विद्यालयमा गई कम्तिमा ६ महिनाको कार्यतालिका बनाएर बालबालिकालाई सिकाउनु पर्ने व्यवस्था गरिएको अध्यक्ष मोक्तानले जानकारी दिए ।

तालिमका प्रमुखप्रशिक्षक तथा किड पावर इन्टरनेशनलका नेपाल प्रतिनिधि सुष्मा पोखरेलले विद्यालयका बालबालिकालाई तालिमले आत्मविश्वास वृद्धि गर्ने बताइन् । उनले हरेक ब्यक्तिलाई सुरक्षा तथा आत्मरक्षा सीप आवश्यक रहेको बताइन् ।

तीन दिनसम्म चलेको तालिम कैलाश गाउँपालिका महिला बालबालिका तथा ज्येष्ठ नागरिक शाखाको संयोजन र किड पावर नेपालको सहजिकरणमा भएको हो ।

बरिष्ठ अधिवक्ता ईश्वरराज ढकाल

यस संस्थाका कानूनी सल्लाहकार श्री ईश्वरराज ढकालज्यू सर्बोच्च अदालतको मिति ३०८१/०६/१७ गतेको निर्णयअनुसार बरिष्ठ अधिवक्ता उपाधि पाउन सफल हुनुभएकोमा हार्दिक बधाईसहित कार्यकाल पूर्ण सफलताको शुभकामना व्यक्त गर्दछौं ।

बालगोपाल कँडेल (अध्यक्ष) एवम्
निर्माण व्यवसायी संघ मकवानपुर, परिवार

बरिष्ठ अधिवक्ता ईश्वरराज ढकाल

यस संघका कानूनी सल्लाहकार एवम् चीरपरिचित कानून व्यवसायी श्री ईश्वरराज ढकालज्यू हालै सम्मानित सर्बोच्च अदालतको निर्णयबमोजिम बरिष्ठ अधिवक्ता हुनुभएकोमा हार्दिक बधाई ज्ञापन गर्दछौं । साथै, वहाँको सुखद् भविष्य र उत्तरोत्तर प्रगतिको हार्दिक शुभकामना व्यक्त गर्दछौं ।

सरोजकुमार खनाल (महासचिव) हिरालाल श्रेष्ठ (अध्यक्ष)
एवम्
नारायणी यातायात व्यवसायी संघ परिवार
हेटौंडा-४, पारिजातपथ

बागमती प्रदेशको १४ औं अधिवेशन अन्त्यका लागि सिफारिस

साझाकुरा संवाददाता

हेटौंडा, १५ असोज/बागमती प्रदेश सरकारले चालु १४ औं अधिवेशन अन्त्यको लागि बागमती प्रदेशका प्रदेश प्रमुख दीपकप्रसाद देवकोटा समक्ष सिफारिस गरेको छ ।

मंगलबार बसेको प्रदेश मन्त्रिपरिषद्को बैठकले असोज १६ गते बुधबार रातको १२ बजेबाट अधिवेशन अन्त्य हुने गरी सिफारिस गर्ने निर्णय गरेको प्रदेश सरकारका प्रवक्ता एवम् आन्तरिक मामिला तथा कानुन मन्त्री सुरजचन्द्र लामिछानेले जानकारी दिएका छन् ।

मन्त्री लामिछानेले २०८१ बैशाख ३१ गतेबाट सुरु भएको वर्षे अधिवेशन संविधानको धारा १८३ को उपधारा २ बमोजिम अन्त्यका लागि सिफारिस गरेको जानकारी दिए ।

साझाकुरा राष्ट्रिय दैनिकका लागि सविन न्यौपानेद्वारा प्रकाशित, सम्पादकः सरला खनाल. कार्यालय/मुद्रणः हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, मुद्रणः सफल छापाखाना